gjlj sNk
(धवलागिरिमा सर्वाधिक कप्रिय प का)
साप्ताहिक
web: www.bikalpanews.com /bikalpanews /NawabikalpaWeek
वर्ष ९ अङ्क २७ पूर्णाङ्क ४१६ आइतवार, चैत्र ६, २०७३ March 19, 2017, Sunday पृष्ठसङ्ख्या ६+२ मूल्य रु. १०/-

तस्वीर कथा
पृष्ठ २ मा

स्थानीय तह पुनर्संरचना

किन भयो केन्द्र विवाद?

- जनता भन्छन् - नेताले विश्वासघात गरे
- हचुवाका भरमा केन्द्रको दुई विकल्प सिफारिस
- बेग र राम्चेका वासिन्दा दुःखी
- पुनर्संरचनाको गहन विषयमा दलहरुको कम चासो
- समाधानका लागि विकल्पको खोजी
- जनप्रतिनिधिलाई केन्द्र परिवर्तनको अधिकार
- सद्भाव कायम गर्न समन्वयको आवश्यकता

■ सन्तोष गौतम/नवविकल्प

संघिय संरचना अनुसारको स्थानीय तह कार्यान्वयनको क्रममा म्याग्दीको दुई वटा गाउँपालिकाको केन्द्रको बिवाद सतहमा आएको छ ।

रघुगंगा र धौलागिरी गाउँपालिकाको केन्द्रको बिवादका कारण स्थानीय तह कार्यान्वयनमा जटिलता उत्पन्न भएको हो । बेनी नगरपालिका, मंगला, मालीका र अन्नपूर्ण गाउँपालिकामा भने कार्यालय स्थापना भई नयाँ संरचना अनुसारको स्थानीय तहको काम सुरू भएको छ ।

केन्द्रको बिवाद छिमेकी जिल्ला पर्वतको जलजला र मुस्ताङको थासाङ गाउँपालिकामा समेत छ । स्थानीय तहको सिमाना, केन्द्र र नामाङ्कनका लागि जिल्लामा गठन भएको प्राबिधिक सहयोग समितिको २०७३ कात्तिक १८ गते गलेश्वरमा बसेको बैठकले रघुगंगाको मौवाफाँट वा पाखापानी र धौलागिरीको ताकम वा मुना केन्द्र कायम गर्न सिफारिस गरेको थियो ।

रघुगंगा गाउँपालिका नागरिक आन्दोलन संघर्ष समितिले आयोजना गरेको छलफल कार्यक्रम ।तस्विर : कमल खत्री

स्थानीय तह पुनसंरचना आयोगको सिफारिसमा सरकारले फागुन अन्तिममा प्रकाशन गरेको राजपत्रमा रघुगंगाको पाखापानी र धौलागिरीको मुना केन्द्र कायम भयो । स्थानीय तह घोषणा हुनुअघि समेत आफू अनुकुलको ठाउँमा केन्द्र कायम गराउन सडक अवरूद्ध, तत्कालीन जिविस कार्यालयमा तालाबन्दी गर्ने देखि आयोग, मन्त्री र प्रधानमन्त्रीलाई भेटेर दवाव दिएका थिए ।

प्रशासनीक सुगमता, अनुकुलता, पूर्वाधारको उपलब्धता, बस्ती विकासको सम्भावना लगायतका कारणले ताकमलाई गाउँपालिका केन्द्र बनाउनुपर्ने माग राख्दै आएका धौलागिरी गाउँपालिका नागरिक

बाँकी पृष्ठ ७ मा

oxfx?nf0 hfgsf/L 5 Û

शैक्षिक सत्र २०७४ का लागि बेनीबजार स्थित सम्पूर्ण वोडिङ स्कुलका
पाठ्यपुस्तकहरु सुलभ तरिकाले पाइने एकमात्र स्थान –
कालिगण्डकी छापाखाना तथा
गौतम फोटोकपी एवम् स्टेशनरी सप्लायर्स
(जीवन सुनचाँदीको अगाडि) न्यूरोड बेनीबजार म्याग्दी फोन नं ०६९५२०४७३, ९८५७६४००००

जिल्ला स्वास्थ्य कार्यालय म्याग्दीको अनुरोध

यही मिति २०७३ साल चैत ५, ६ र ७ गते म्याग्दी जिल्ला भरका २ वर्ष माथिका (गर्भवति, ७ दिनभित्रका सुत्केरी र सिकिस्त बिरामी वाहेक) औषधि खान योग्य सबै आम जनसमुदायमा हात्तिपाइले रोग विरुद्ध आठौं चरणको आम औषधि खुवाउने कार्यक्रम रहेको हुँदा उक्त दिनमा खटिने तालिम प्राप्त स्वयंसेवकवाट सो रोग विरुद्ध निम्नानुसारका उमेर समुहका आधारमा औषधि सेवन गर्नुहुन सम्बन्धित सबैमा अनुरोध छ ।

उमेर समूह (वर्ष)	एकै मात्राको सानो चक्की (DEC 100 mg tablet)	एकै मात्राको ठूलो चक्की (Albendazole 400mg tablet)
२-५ वर्ष	एक चक्की ⃠	एक चक्की ⃠
६-१४ वर्ष	दुई चक्की ⃠⃠	एक चक्की ⃠
१५वर्ष भन्दा माथिका	तीन चक्की ⃠⃠⃠	एक चक्की ⃠

पुनश्च : यी दुवैखालको औषधि खाना वा नास्ता पछि एकैपटक सेवन गर्नुपर्ने छ ।

म्याग्दीमा एक चौथाई कर्मचारी अभाव

■ अमित विश्वकर्मा/मल्कवाङ

छड्के अनुगमनका लागि मंगलबार जिल्ला वन कार्यालयमा पुगेको साहयक प्रमुख जिल्ला अधिकारी यादवनाथ आचार्यको टोली । तस्विर नवविकल्प

म्याग्दीका सरकारी कार्यालयहरूमा स्थाई दरबन्दीका एक चौथाई कर्मचारीको अभाव रहेको छ । विभिन्न तहका आठ सय जना भन्दा बढी कर्मचारीको दरबन्दी रहेकोमा तिन चौथाईको संख्यामा मात्र कार्यरत रहेको पाइएको हो । जिल्ला निर्वाचन कार्यालयले संकलन गरेको कर्मचारी बिवरण अनुसार ८०८ मध्य ५४६ दरबन्दीमा मात्र पदपूर्ति भएको छ ।

विभिन्न तहका २६३ पद रिक्त रहेको निर्वाचन कार्यालयका सूचना अधिकारी बलबहादुर खत्रीले बताउनुभयो । कार्यालयले स्थानीय तह निर्वाचन प्रयोजनका लागि हालै जिल्ला स्थित सरकारी कार्यालयहरूमा कार्यरत कर्मचारी विवरण संकलन गरेको थियो । खरीदार १००, कार्यालय सहयोगी ७८ र नायव सुब्बाको ६२ दरबन्दी रित्त रहेको छ । १३ शाखा अधिकृत र १० उपसचिव स्तरको पदपूर्ति हुन सकेको छैन् । जिल्लाभर उपसचिव, शाखा अधिकृत, नायव सुब्बा, खरदार, मुखीया र कार्यालय सहयोगी पदमा क्रमश २७, ५४, २१३, २८३, १ र २३१ दरबन्दी रहेको छ ।

हाल उपसचिवको १७, शाखा अधिकृतको ४१, नायव सुब्बाको १५१, खरिदारको १८३, मुखीया १ र कार्यालय सहयोगीको १५३ पद मात्रै पूर्ति भएको सूचना अधिकारी खत्रीले बताउनुभयो । स्वास्थ्य, शिक्षा, वन, कृषि विकास, पशु सेवा, सिँचाई विकास, मालपोत लगायतका कार्यालयमा प्राबिधिक कर्मचारीको अभाव रहेको छ ।

प्राबिधिक र लेखा सम्बन्धि पदमा कर्मचारीको अभाव हुँदा सेवा प्रवाहमा कठिनाई भएको कार्यालय प्रमुखहरूले बताएका छन् । कर्मचारीले म्याग्दी

बाँकी पृष्ठ ७ मा

सूचना

वैदेशिक रोजगारीमा जाँदा स्वीकृत निकाय मार्फत् नेपाल सरकारबाट सूचिकृत मुलुकहरुमा मात्र जाऔं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

5f6s/L

सहयोग जुटाउन लाहुरे स्वागत अभियान

■ नवविकल्प

मंगला गाउँपालिका १ कुहुँमा रहेको दिपशिखा मावीले आर्थिक स्रोत जुटाउन लाहुरे स्वागत अभियान सञ्चालन गरेको छ । प्रवासबाट गाउँमा आउने विद्यालयका पुर्व विद्यार्थी र अभिभावकहरूलाई नाचगान गरेर स्वागत गरी विद्यालयले एक वर्षको अवधिमा करिब १५ लाख रूपैयाँ जुटाएको छ विपन्न विद्यार्थीलाई शैक्षिक सामाग्री र निजी स्रोतका शिक्षकको तलबभत्ताको ब्यवस्थापनका लागि आर्थिक स्रोत जुटाउन यस्तो अभियान चलाएको स्थानीय एकजित रोकाले जानकारी दिनुभयो ।

अभियानका क्रममा एक जना ब्यक्तिले एक हजार देखि दुई लाख रूपैयाँ सम्म सहयोग गरेका छन् । हालै आयोजित स्वागत कार्यक्रममा घरबिदामा आएका भारतीय सैनीक ज्ञानबहादुर र उहाँकी श्रीमती निर्मला पुनले ५० हजार पाँच रूपैयाँ सहयोग गर्नुभएको छ । यसैगरी पोर्चुगलमा रहेका पूर्णबहादुर राम्जालीले ३० हजार रूपैयाँ मूल्य बराबरको १ थान प्रिन्टर, योगेन्द्र शेरचनले पाँच हजार १००, चन्द्र शेरपुञ्जाले पाँच हजार १००, चन्द्रबहादुर श्रीपालीले तिन हजार १०० र सिजन पुनले तिन हजार रूपैयाँ सहयोग गर्नुभएको छ । सहयोगदाताहरूलाई विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष डेगबहादुर राम्जाली, भुपु प्रअ भद्रबहादुर घर्ती, शिक्षक मनिराम अधिकारी लगायतले सम्मान गर्नुभएको थियो ।

औषधि नखानेलाई निगरानी

■ नवविकल्प

क्युलेक्स जातको पोथी लामखुट्टेको टोकाईबाट सर्ने हात्तीपाईले रोग निवारणका लागि म्याग्दीमा शनिबारदेखि औषधि खुवाउने अभियान सुरू भएको छ । जिल्ला स्वास्थ्य कार्यालयले म्याग्दीमा आठौं पटक औषधि खुवाउने अभियान सञ्चालन गरेको हो । अभियान तिन दिनसम्म चल्नेछ् । शनिबार विभिन्न चोक, टोलमा केन्द्र राखेर औषधि खुवाइएको छ । आईतबार र सोमबार घरदैलो गरेर कोही पनि नछुट्ने गरी आँखै अगाडी औषधि खुवाइने जिल्ला स्वास्थ्य प्रमुख बरिष्ठ चिकित्सक रोशन न्यौपानेले बताउनुभयो ।

विगतका वर्षमा कतिपयले अभियानमा सहभागिता नजनाउने र वितरण भएको औषधि सेवन नगरेको पाईएपछि यस वर्ष सतप्रतिशत लक्षित जनसंख्यालाई समेट्न नयाँ तरीका अपनाइएको न्यौपानेले बताउनुभयो ।

स्वास्थ्यकर्मी र स्वमसेवकको आँखै अगाडी औषधी सेवन गराउने र औषधी सेवन गर्न नमान्नेको पहिचान गरीने जिल्ला स्वास्थ्य कार्यालयका फोकल पर्सन भिम आचार्यले बताउनुभयो । औषधि सेवन गर्न नमान्नेलाई अभियानको बारेमा बुझाएर सहभागी गराउने कार्यालयको रणनीती छ ।

हात्तिपाईले विरूद्धको औषधिको विषयमा रहेको नकारात्मक धारणा र गलत बुझाईका कारण सबैले औषधी सेवन नगरेकाले यसअघिका सात वर्ष सञ्चालन भएको अभियान असफल भएकाले यस वर्ष आठौं प्रयासमा सत प्रतिशतलाई औषधि खुवाउन लक्ष्य राखिएको छ ।

म्याग्दीमा एक पटक हात्तिपाईले रोग विरूद्धको औषधि खुवाउने अभियान सञ्चालन गर्दा पचास लाख खर्च हुने गरेको छ । जिल्ला प्रशासन कार्यालय अगाडीको चोकमा प्रमुख जिल्ला अधिकारी राजुप्रसाद पौडेल लगायत कार्यालय प्रमुख, राजनीतिक दलका प्रतिनिधिहरूको उपस्थितीमा अभियानको सुरूवात गरिएको थियो । म्याग्दीका एक लाख चार हजार २०० जनालाई औषधी खुवाउन २१० जना स्वास्थ्यकर्मी र ८८४ जना स्वमसेवक परिचालन भएका छन् । हात्तिपाइले रोगको लक्षय भएकालाई औषधि सेवनपछि रिगाँटा, वाकवाकी लाग्ने, टाउको दुख्ने जस्ता लक्षण देखिएपनि एकरदुई घण्टामा ठीक हुने चिकित्सकहरूले बताएका छन् ।

गर्भवती, सिकीस्त बिरामी, सात दिनका सुत्केरी र २ वर्ष मुनीका बालबालीका बाहेक सबैलाई औषधि खुवाईने स्वास्थ्य कार्यालयले जनाएको छ । हात्तिपाईले बिरूद्धको अभियानको बारेमा सन्देश प्रवाह गराउन बेनीको गणतान्त्रीक चोक र अस्पताल चोकमा शनिबार सडक नाटक समेत प्रर्दशन गरीएको छ । हात्तिपाईले रोग लाग्नुको कारण, लक्ष्यण र बच्ने उपायको विषयमा प्रर्दशन गरिएको गरिएको नाटकमा रवी कार्की, नारायण पौडेल, राजकुमार परियार, सन्तोष परियार, मिना केसी, क्रेलिन मल्ल, सलिना बानियाँ लगायतका कलाकारहरूले अभिनय गर्नुभएको थियो ।

प्रो. नारायण जि.सी.
मो.नं. ९८५१०१८६८३, ९८५७६४०००३
जि.सी. क्रसर उद्योग
बेनी नगरपालिका–११, बगुवाखोला, म्याग्दी
सम्पर्क: ०६९–५२०९२०,
९८०२०६०३२२ (श्याम) ९८०५२०६२३५ (दिपक)
हाम्रा सेवाहरु
आधुनिक क्रसर मेसिनबाट उत्पादित उच्च गुणस्तरीय गिट्टी, बालुवा, ग्रावेल तथा ४ र ६ इन्चका ब्लक चाहिएमा हामीलाई सम्झनुहोस् ।
साथै
एस्काभेटर, डोजर, टिपर लगायतका हेभी इक्युप्मेन्ट चाहिएमा समेत हामीलाई सम्पर्क गर्नुहोस् ।
तपाईंको सेवाका लागि सम्पूर्ण निर्माण सामग्री एकै ठाउँमा...

सातका तस्वीर



भाङ्ग्रा बुनाई : म्याग्दीको मंगला गाउँपालिका १ कुहुँका महिलाहरु मगर समुदायको परम्परागत पोषाक भाङ्ग्रा बुन्ने सिप सिक्दै । साविकको कुहुँ गाविस कार्यालयको सहयोग र महिला सञ्जालको आयोजनामा १७ जनालाई एक महिना भाङ्ग्रा बुन्ने तालीम प्रदान गरिएको थियो । तस्विर कबिता रोका, कुहुँ



हात्तीपाईले विरुद्धको औषधि सेवन गरौ : बेनीको गणतान्त्रीक चोकमा शनिबार हात्तीपाईले रोग विरुद्धको औषधि खुवाउने अभियानको बारेमा सन्देशमुलक सडक नाटक प्रस्तुत गर्दै कलाकारहरु । हात्तिपाईले रोग विरुद्धको औषधिप्रति रहेको नकारात्मक धारण हटाउँदै जनसहभागीता बढाउन कलाकारहरुले नाटक मार्फत सन्देश प्रवाह गराएका थिए । तस्विर सन्तोष गौतम



परिश्रमी कृषक : चुत्रेनीबाट बेनीतर्फ डोकोमा तरकारी बोकेर आउदै गरेका कृषकहरु । चुत्रेनी, सिंगा, सुर्केमेला, बास्कुना क्षेत्रमा कृषकहरु तरकारी खेतीतर्फ आकर्षित भएका छन् । तर यातायात सुबिधामा सहज पहुँच नहुँदा उनिहरुलाई तरकारी ढुवानीमा समस्या भएको छ । तस्विर सन्तोष गौतम

सूचना ! सूचना !! सूचना !!!

यस म्याग्दी जीप तथा बस सञ्चालक समिति अन्तर्गत रही यस बस तथा जीप सञ्चालन गर्न चाहनुहुने महानुभावहरुलाई आफूले चाहेको रुटमा यातायात सेवा सञ्चालन गर्न पाउने गरी रुट खुल्ला रहेको व्यहोरा सम्पूर्णमा जानकारी गराइन्छ ।

थप जानकारीका लागि :

म्याग्दी जीप तथा बस सञ्चालक समिति

प्रधान कार्यालय,बेनी,म्याग्दी

फोन : ०६९५२०८८२,९८५७६४०३६३

सूचना ! सूचना !! सूचना !!!

विगत लामो समय देखी यहाँहरुको माझमा सेवा गर्दै आएको ताजा चाउमिनको मूल्यका साथै तौलमा वृद्धि भएको समस्त ग्राहक महानुभावहरुमा जानकारी गराउँदछौ । प्रतिकिलो चाउमिनको मूल्य ७५ रुपैयाँ कायम भएको जानकारी गराउँदछौ ।

जाल्पा चाउमिन उद्योग-बेनपा ६, म्याग्दी
कालीगण्डकी चाउचाउ उद्योग-मिलनचोक, पर्वत

मालपोत कार्यालय, म्याग्दीद्वारा जनहितका लागि जारी गरिएको सूचना

यस मालपोत कार्यालय, म्याग्दीमा सेवा लिन आउनु हुने सेवाग्राहीहरुले घर जग्गा खरीद गर्दा, नामसारी गर्दा वा अन्य काम परी आउँदा निम्न लिखित कुराहरुमा ध्यान दिई आवश्यक प्रमाण सहित उपस्थित भै दिनुहुन अनुरोध छ । यस कार्यालय प्रचलित कानुनको परिधिभित्र रहेर तपाईहरुलाई सरल र छिटो छरितो सेवा उपलब्ध गराउन प्रयासरत रहेको व्यहोरा जानकारी गराउँदछौं ।

क) मालपोत कार्यालयमा घरजग्गा खरिद गर्न आउँदा ध्यान पुऱ्याउनु पर्ने कुराहरु

जग्गा बेच्नेको नाममा कसरी आएको हो नक्सा अनुसारको क्षेत्रफल पुरा छ छैन, यकिन गर्ने ।

- बन, जंगल, खोला, कुलो, पैनी, पोखरी, मसानघाट, मठमन्दिर आदि जस्ता सरकारी सार्वजनिक जग्गा दर्ता गरी व्यक्तिले आफ्नो बनाई बेचेको खण्डमा जुनसुकै बेला बदर भै सरकारी कायम हुन्छ सो तर्फ सजग रहने ।
- जग्गा विक्री गर्ने व्यक्ति (जग्गाधनी) आफै वा निजको अधिकृत वारेस को हो ? जग्गा किन्ने आफैले चिन्नु पर्छ ।
- जग्गामा बाटो छ छैन हेरी बुझी बाटो भए कति फिटको हो ? नक्सा समेतमा जाँच गर्नु पर्छ ।
- जग्गा रैकर वा गुठी के हो र उक्त जग्गामा मोही लागेको छ छैन यकिन हुनुपर्छ ।
- जग्गामा मुद्दा मामिला झै झगडा, खिचलो छ छैन बुझ्नु पर्छ ।
- जग्गाको लालपुर्जा बमोजिम मालपोत कर्यालयमा मोठ श्रेस्ता छ छैन र कहि कतैबाट बेच विखन गर्न रोक्का राखेको छ छैन बुझ्नु पर्छ ।
- घर समेतको जग्गा किन्ने हो भने पुर्जा श्रेस्तामा घर कायम भएको छ छैन यकिन भई लिखतमा अनिवार्य रुपमा घर जग्गा लेख्नु पर्छ ।
- बेच्नेको अंशियार र हकवालालाई लिखतमा साक्षी राख्नु पर्छ ।
- जति पैसामा जग्गा किनेको हो, न्यूनतमा मूल्याङकनमा नघट्ने गरी लिखतमा त्यतिनै थैली राख्नु पर्छ ।
- कार्यालयमा बुझाएको रकमको रसिद लिई सुरक्षित राख्नु पर्छ ।
- तोकिए बमोजिमको दस्तुर र राजश्व बाहेकको रकम दिनु/लिनु गर्नु हुँदैन ।
- लालपुर्जा लिँदा बाबु, बाजे र आफ्नो नाम थर ठेगाना नागरिकता अनुसार मिलेको छ छैन र कित्ता नं तथा क्षेत्रफल ठिक छ छैन जाँच गर्नु पर्छ ।
- लिखतमा सहि छाप गर्दा मालपोत कार्यालय भित्र कर्मचारीको अगाडी मात्र गर्नु पर्छ ।
- जग्गा पास गर्न जाँदा आफ्नो सक्कल नागरिकता, लालपुर्जा र हालसालै खिचेको ३ प्रति फोटो अनिवार्य लानु पर्छ ।
- प्लटिङ्गको घर जग्गा भए स्वीकृत मापदण्ड अनुरुप भए नभएको यकिन गर्नु पर्छ ।

ख) मालपोत कार्यालयमा जग्गा नामसारी गर्न जादा लैजानु पर्ने कागज प्रमाणहरु

- सक्कल लालपुर्जा (ज.ध प्रमाण पुर्जा)
- सक्कलै मालपोत तिरेको रसिद
- मृतक र हकवालाको व्यहोरा खुलेको बण्डा मुचुल्का
- नाता प्रमाणित प्रमाणपत्रको सक्कल र नक्कल
- हकवाला खुलेको सम्बन्धित गाउँपालीका वा नगरपालीका
- नामसारी गरी जग्गा प्राप्त गर्नेको सक्कल नागरिकता ,नावालकभए जन्म दर्ता प्रमाणपत्र र सवैको ३/३ प्रति फोटो
- कार्यालयमा बुझाएको रकमको रसिद अनिवार्य लिई सुरक्षित राख्नु पर्छ ।

कार्यालयको काम काजमा अलमल वा समस्या परेमा कार्यालय प्रमुख वा तोकिएको कर्मचारीसँग सिधै सोधपुछ गर्नुहुन विनम्र अनुरोध गर्दछ ।

(कृष्ण बहादुर बानियाँ)
मालपोत अधिकृत

शान्ति सन्देश

स्थायी शान्तिका लागि आ–आफ्नो क्षेत्रबाट सहकार्य र सद्भावको वृद्धि गरौं ।

शान्ति र समृद्धिका लागि
स्थानीय शान्ति समिति
म्याग्दी

हार्दिक–निमन्त्रणा

म्याग्दी जिल्लामा आर्थिक अभावकै कारणले कसैले पनि स्वास्थ्य उपचार नपाईकन अकालमै मृत्युवरण गर्न नपरोस् भन्ने पवित्र उद्देश्य राखेर स्थापित यस परोपकारी संस्था "ओमकुमारी शान्ति कोष" बेनी म्याग्दीको तपशिल बमोजिमको मिति, समय र स्थानमा हुन गईरहेको दोस्रो अधिवेशनमा उपस्थितिका लागि सम्पूर्ण महानुभावहरुलाई **हार्दिक- निमन्त्रण** गर्दछौ ।

मिति: २०७३ चैत्र १२ गते शनिबार
स्थान: म्याग्दी उद्योग वाणिज्य संघको हल
समय: विहान ११ बजे

लोकेश पुन
सचिव

एवम्

राजेश शाक्य
अध्यक्ष

ओमकुमारी शान्ति कोष, बेनी म्याग्दी

खुसी कहाँ छ ?

... संसारमा लाखौं मानिसहरुको आँखा छैन, कतिको हातखुट्टा छैन, कति मृत्यु शैय्यामा छटपटाइरहेका छन् । हामी सँग आँखा, हातखुट्टा, स्वस्थजीवन छ । तर पनि नहुनेहरु कति रमाइरहेका छन्, हामी दुःखी बनिरहेका छौं । फरक यति हो, उनीहरुले जीवन बुझेका छन, आफूसँग भएको चिजमा रमाएका छन् ।

- सविता सापकोटा

बाटोमा विभिन्न मानिसहरू हिडिरहेका हुन्छन् । सबै मानिसको आ-आफनो गन्तव्य हुन्छ । कोही मानिस हसिलो मुहारमा देखिन्छन, भने कोही मलिनमुहारमा देखिन्छन् । खुशीभएको समयमा कोही मानिस हाँसेको देख्दा रमाइलो लाग्छ । दुखीभएको समयमा आफ्नो पीडामा कसैले मजाक उडाएजस्तै लाग्छ । भविष्य कसैले पनि देखेको हुँदैन । केवल कल्पनाको संसारमा डुबुल्की मार्दै मानिस गन्तव्यका पाइलाहरूलाई शिखर सम्मपुऱ्याउन दौडिरहेको हुन्छ । अरूको जीवनलाई खुशी देख्छ मान्छे, आफू सबै भन्दा दुःखी भएको अनुभव गर्छ ।

सानासाना कुराले दुःखी बनाउछ मन । कसैको दुई शब्दले पिराउँछ मन, अनि आँसुले पखाल्न मन लाग्छ । केहीबेरको आत्मसन्तुष्टिको लागि आँसुलाई हामी औषधिको रूपमा प्रयोग गर्छौं । केही समय यस्ता हुन्छन् जतिबेला चाहेर पनि हामी आफनो आँसुलाई आँखाको जेल भित्र दबाएर राख्न सक्दैनौँ । विशेषगरि जब आशाका किरणहरुले पाइला मोड्छन् । आफूले धेरै अपेक्षा गरेको मान्छेले अपशब्द बोल्छ या कसैले नराम्रो तवरले खाली गर्छ भने त्यो मनले सहन नसकी आँसु भएर झर्छ ।

सानो कुरामा दुःखीहुने मन, सानो उपलब्धिमा पनि खुशि हुन्छ । कसैले 'तिमी कति असल'भन्दा खुशी लाग्छ । कहिलेकाहीं एक्लै बसेर सोच्दा लाग्छ खुशीकहाँ छ ? कसको अधिनमा छ ? मैले आफ्नो मुठ्ठिमा दबाएर राखेजस्तो लाग्छ । होइन मेरो खुशि बावाआमा सँग छ जस्तो लाग्छ । होइन मेरो खुशीनयाँ कपडामा छ जस्तो लाग्छ । साथीभाईसँगको साथमा हुदाँ मेरो खुशीउनीहरूसँग छ जस्तो लाग्छ । एकान्तमा सपना बुन्दा मेरो खुशी मेरा सपनाहरूमा छ जस्तो लाग्छ । खुशीकुन पाटामा लुकेर बसेको हुन्छ र कति बेला झुल्किन्छ भन्ने नै निश्चितहुँदैन । सूर्य झुल्किने र अस्ताउने जस्तै कुनै निश्चित समय छैन ।

सानो छदा नयाँ कपडा पाउदाखुशीलाग्थ्यो । कसैले मनपर्ने खानेकुरा किनिदिँदा खुशी लाग्थ्यो, मामाघर जान पाउदा खुशीलाग्थ्यो । उमेर र जवानीसँगै भरिएको बैंसमा घुम्न पाउदा, बाबाआमाले चाहे जति पैसा दिँदा र मोजमस्तीमै खुशी लाग्छ । जीवनमा बदलिँदो अवस्थासँगै विभिन्न कुराहरूमा खुशीको आभास गरिँदो रहेछ । जब हामी खुशीहुन्छौं तब हामीले गर्न लागेको काममा आत्मसन्तुष्टिको आभास गर्छौं र सफलता पनि हातपार्न सक्छौ ।

आकाशमा स्वतन्त्रताका साथ उडेको चरी देख्दा लाग्छ यो कति रमाइलो मानेर उडिरहेको छ । सायद पीर, व्याथा भन्ने चिज नै त्यसको शब्दकोशमा छैन होला । दुईवटा पखेँटा फिँजारेर उडेको देख्दा हामीलाई पनि कहिलेकाहीँ उडूँ उडूँ हुन्छ । पीर, व्यथाले मन रोएको बेला उड्न पाए रमाइलो अनुभूतिको आभास हुन्थ्यो जस्तो लाग्छ । मन लाग्छ धेरै कुरा गर्न अनि अनेकौ रहरहरू मनमा सजाउँन । कहिले हावाको बेगले धुलो उडाएजस्तो गरी उडाउन मन लाग्छ मनमा गुम्सिएर रहेका रहरहरू त कहिले ट्रेनजस्तै सररर गुडाउन मन लाग्छ । कसैको भलो हुने काम गरेर आत्म शान्तिबनाउने अभिलासा पनिमानिसको मनमानजाग्ने होइन । दीन, दुःखीदेख्दा बिचरा भन्न मन लाग्छ र आफूले सकेको केही रकम दिन मन लाग्छ ।

मानिस विभिन्न क्रियाकलापबाट खुशी बटुल्ने गर्छ । धेरैजसो बाबाआमा आफ्नो सन्तानको उपलब्धिमा खुशी हुन्छन् । खुशीजन्मदेखि मृत्युपर्यन्त चलिरहन्छ । 'खुशी त भर्खरै धोएर सुकाएको लुगाको पानी जस्तै रै'छ बिस्तारै तप्किएर सकिने ।' माथिको वाक्य केही महिनाअघि मात्र प्रकाशित बुद्धिसागरको फिरफिरे उपन्यासमाउल्लेख भएका यी शब्दहरू सापटी लिनचाहे ।

हामी आफनो कामभन्दा पनि अरूको कामलाई सहज ठान्छौ र त्यसमै खुशी देख्ने गर्छौं । सायद आफ्नो काममा रमाउनु नै खुशीहोला कि ?नकारात्मक सोचहरूलाई बगाउँदै सकरात्मक सोचहरूको फूलफुलाउनु मै खुशीका भमराहरूले बास गर्लान कि भन्ने मेरो ठम्याई छ ।

संसारमा लाखौं मानिसहरूको आँखा छैन, कतिको हातखुट्टा छैन, कति मृत्यु शैय्यामा छटपटाइरहेका छन् । हामी सँग आँखा, हातखुट्टा, स्वस्थजीवन छ । तर पनि नहुनेहरू कति रमाइरहेका छन्, हामी दुःखी बनिरहेका छौं । फरक यतिहो, उनीहरूले जीवनबुझेका छन, आफूसँग भएको चिजमा रमाएका छन् । तर नभएको कुरा खोज्ने हाम्रो सोचका कारण हामी रमाउन सकेका छैनौं । अब रमाउन, आनन्द लिन सिकौं । आफैंमा परिवार भित्र, समाज भित्रखुशी र आत्मा सन्तुष्टि खोजौं ।

फेसबुक फोटो...



यस्तो छ दुर्गमका विद्यार्थीको पीडा : म्याग्दी गुर्जाबाट ताकमको सिवाङमा राखिएको एसईई को परिक्षा केन्द्रमा परिक्षा दिन हिउको कठिन यात्रा गरेर आउँदै गरेका विद्यार्थीहरु । फोटो : चिरञ्जीवी पौडेल (शिक्षक) कृष्ण जीको फेसबुकबाट लिइएको हो ।

नव विकल्प साप्ताहिक
बेनी, म्याग्दी

सम्पादकीय ...

स्थानीय तहको केन्द्र विवाद समाधान गर

नेपाल सरकारले फागुन २७ गते देशभरका नगरपालिका र गाउँपालिका कायम गर्ने गरि उक्त एकाईहरुको नाम,संख्या,सीमाना,केन्द्र र वडा सहितको विवरण सार्वजनिक गर्दै तत्काल कार्यान्वयनमा लैजाने घोषाण गऱ्यो । सरकारको घोषणा सँगै मुलुकभरका पुराना संरचना भङ्ग भए र नयाँ स्थानीय तहका एकाईहरु कार्यान्वयनको चरणमा प्रवेश गरे । भौगोलिकता र प्रशासनीक सुगमतालाई ख्याल नगरी पहुँच र शक्तिका भरमा स्थानीय तह पुनर्संरचना आयोगले केही स्थानका गाउँपालिका वा नगरपालिकाको केन्द्र तोकेको भन्दै नागरिकहरु विरोधमा उत्रिएका छन् । नागरिकहरुको विरोधका कारण स्थानीय तहको कार्यान्वयनमा जटि्लता थपिएको छ । तराईमा मधेशवादी दलहरुका कारण स्थानीय तह कार्यान्वयनमा समस्या त आएको छ यसका साथै पहाडी भूभागहरुमा पनि थप समस्या उत्पन्न भएको छ । पुनसंरचना आयोगको हचुवा शैली र स्थानीय दलहरुको अपरिपक्कताका कारण यतिखेर केन्द्र विवादको मूख्य चुरो बनेको छ ।

मुलुकका अन्य भागका साथै म्याग्दी र पर्वतमा पनि गाउँपालिकाको केन्द्र विवाद उत्कर्षमा पुगेको छ । तत्कालिन समयमा जिल्लाका दलहरु पुनर्संरचना जस्तो गहन विषयलाई सरकारी कर्मचारीको हातमा सुम्पे । जिल्लाको भूगोगल र वास्तविकता बुझेका दलहरु पुनसंरचनाको विषमा गम्भिर हुन सकेनन् । स्थानीय तह पुनर्संरचना आयोगले पठाएको निर्देशिका अनुसार बहश र छलफल हुन पाएन । सरकारी कर्मचारीले काम उम्काउने बाटो लिए । भोटको राजनीतिमा असर पुग्ने डरले कर्मचारीले ल्याएको प्रतिवेदनलाई दलहरुले जस्ताको तस्तै सहि ठोके । सथानीय तह पुनसंरचनाका वारेमा दिर्घकालिन सोचाई दलका नेताहरुमा देखिएन । जसको कारण जनताले आन्दोलिन गर्न बाध्य भए । अहिले तोकिएको केन्द्रमा पुग्न भन्दा सदरमुकाम आउन सहज र कम समय लाग्छ । संघियताले जनतालाई सहज र सरल सेवा पाउने भन्दा पनि झन दु:ख पाउने अवस्थाको सिर्जना भएको छ । यसले गर्दा संघियताप्रति जनताको सकरात्मक बुझाई हुनसकेन् ।

गाउँपालिकाको केन्द्रका विषयमा जति स्थानहरुमा विवाद र आन्दोलन भएका छन् ति विषयमा सरकार गम्भिर हुन आवश्यक छ । केन्द्रका वारेमा वास्तविकता वुझ्न आवश्यक छ । विवादको समाधानका लागि पहिलो विकल्प सरकारले गाउँपालिकाको केन्द्रको विवाद समाधानका लागि आयोग गठन गर्नुपर्दछ । उक्त आयोगले स्थलगत अध्ययन गरेर केन्द निर्धारण गर्दा के कस्ता त्रुटीहरु भए, यर्थात र वास्तविकता के हो ? आयोगले सरकारलाई सुझाव दिनुपर्दछ । अर्को विकल्प भनेको स्थानीय दलहरुले स्थानीय तहमा नै छलफल र वहश गरेर उपयुक्त स्थानका लागि सहमति गर्न सकिन्छ । तर यो त्यति सहज छैन । सरकारले राजपत्रमा प्रकाशित गरिसेको हुनाले स्थानीयस्तरबाट परिवर्तन गर्न सकिने संभावना कम छ । केन्द्रको पक्ष र विपक्षमा रहेका वासिन्दाहरुले यसलाई प्रतिस्ठाको विषय नै बनाएका छन् । तेस्रो विकल्प भनेको नगरपालिका र गाउँपालिकाका निर्वाचित जनप्रतिनिधिहरुको सामान्य वहुमतका आधारमा केन्द्र परिवर्तन गर्न सकिने कानुनी प्रावधान छ । कतिपय स्थानमा यसलाई प्रयोग गर्दा पनि सहजनै देखिन्छ । तर कतिपय स्थानका वासिन्दाहरु निर्वाचनलाई नै वहिष्कार गर्ने भनिरहेका हुनाले यो त्यति संभव देखिदैन । त्यसैले पहिलो विकल्पबाट केन्द्रको समस्या समाधान गर्न राजनीतिक दल र सरकारी निकायको ध्यान जानुपर्ने देखिन्छ । समस्याको समाधान नगरी निर्वाचनमा जाँदा यसले मिलेर वसेको वस्तीका विच ठूलो द्वन्द्व निम्ताउन सक्ने भएकाले समस्या समाधानमा सम्बन्धित निकायको ध्यान चाँढो पुगोस् ।

l6KkOfL, kltlqmof / ;emfj

नवविकल्प साप्ताहिकमा छापिएका लेख, समाचार वा अन्य सामाग्रीमाथि आफूलाई लागेका विचार, धारणा पठाउनुहुन अनुरोध छ । स्वच्छ र सटिक तथा आलोचनात्मक टिप्पणीलाई प्राथमिकता दिइनेछ ।

सम्पर्क:
bikalpanews@gmail.com
फोन : ०६९-५२०९९५ मो.नं. : ९८४७६२४२८६

विग्रह निम्तने निर्वाचन नभएकै राम्रो



... संविधान जारी भएको दुई दुई वर्ष बितिसक्दा पनि कार्यान्वयन हुननसकेको कुरा पनि साँचो हो । संविधान जारी गर्दैगर्दा संविधानमा रहेका कमजोरी र त्रुटिहरु तत्काल संविधान संशोधन गरेर सच्याइने प्रतिबद्धता संसदको रोष्टमबाट सार्वजनिक गरिएको कुरा पनि साँचो हो । संविधानको पहिलो संशोधनको बेला मधेसी भावनाको उपेक्षा गरिएको कुरा पनि साँचो हो । यसपटक संशोधनप्रस्ताव दर्ता गर्दा मधेसको सहमति लिनुपर्ने औपचारिकता समेत नपुऱ्याउने गल्ती गरिएको कुरा पनि सोह्रै आना सत्य हो ।

- चन्द्रप्रकाश बानियाँ

सरकार मन्त्रीपरिषद विस्तारमा लागेको छ । प्रतिपक्ष मेची महाकाली अभियानमा छ । सत्तापक्ष र प्रतिपक्ष दुबैका अभियानहरू मधेस समस्यासँग सम्बन्धित छन् । सरकारले मधेसप्रति आफू सम्वेदनशील भएको प्रमाणित गर्ने कसरत गरिरहेको छ । दिन सकिने कुरा दिइसकिएको छ र थप सहुलियत दिन आवश्यक छैन भनेर मधेसी मतदातालाई बुझाउने प्रयत्नमा प्रतिपक्ष देखिन्छ । नेपाली राजनीतिको संस्थापन पक्षले सगोल सहमतिमै नयाँ संविधान निर्माण गरेको हो । संविधान जारीगर्ने बेलासम्म उनीहरूबीच कुनै विमति थिएन । संसदीय बहुमतको बलमा बलजफ्ती संविधान जारी गरिएको हो । जनतामाथि गोलीको वर्षा गरेरै संविधान जारी गरिएको हो । भारतीय दवाव त देखाउने दाँत मात्र थियो । त्यो भन्दा राम्रो संविधान बनाउन सकिदैन अथवा बनाउनु हुदैन भन्ने निचोडमा एमाले, काँग्रेस र माओवादी केन्द्र पुगेकै हुन । नत्र भने दुईचार दिन वा दुईचार हप्ता अथवा दुईचार महिना विलम्ब हुँदैमा बितिहाल्ने भैहाल्ने केही थिएन । भारतीय विदेशसचिवको मन्त्रणायात्रालाई “हिउँ आएको निहुँ पाएको” भनेझैं आफ्नो स्वार्थमा उपयोग गरिएको मात्र हो । आसय मधेसलाई पेलेरै ठेगान लगाउने थियो ।

पछिल्लो चरणमा सत्तासाझेदार दलहरूले मधेसप्रति अलिकता सहानुभूति देखाउन थालेका छन् । सरकार बनेपछि उत्पन्न भएको सहानुभूति संविधान जारी गर्नुपूर्व पलाइदिएका भए मुलुकको परिस्थिति भिन्न हुन्थ्यो । काम बिग्रेपछि पलाउने बुद्धिले समस्या सल्टाउन सक्तैन भनिन्छ तापनि ढिलै भए पनि परिस्थितिबोध हुनु राम्रो हो । बेलामा बुद्धि पुगेन, बुद्धि पलाउँदासम्म परिस्थिति हुँडलिइसकेको थियो । खासगरेर सत्ता नपाउँदा पानीविनाको माछा झै तड्पने एमालेलाई सत्ताबाट गलहत्याउने गल्ती थप गलगाँड सावित हुन गएको छ । प्रतिपक्षमा घचेटिएको एमाले राष्ट्रियताको फर्जी नारा अघि सारेर सत्ताको रोटी सेक्ने ध्याउन्नमा छ । मधेसलाई मनाउने होइन, धम्क्याएर ठेगान लगाउने चेष्टा प्रदर्शन गरिरहेको छ । सबै जाति, क्षेत्र र वर्गको आशा, अपेक्षालाई सम्बोधन गरेको छ । विभेद नामको कहीँकतै गन्धसम्म पनि छैन भन्दै एमाले सर्वाङ्ग सुन्दर संविधानका अक्षरहरूमा विभेदको “व” फेलापार्ने चुनौती दिदै हिँडेको छ ।

विभेदको आधारभूमि चिन्तन र सोच हो । सोचमा विभेद छैन भने अक्षरमा विभेद भए पनि फरक पर्दैन । चिन्तन नै खोटो छ भने अक्षरमा विभेद नभए पनि ब्यवहारमा विभेद प्रकट हुन्छ । कर्णालीले अलग प्रदेशको माग गऱ्यो । मात्र तीनजीउको खतीमै अलग प्रदेश पायो । तीन दर्जनको सहादत पछि पनि थरूहटको त्यस्तै माग सम्बोधन गनुपर्ने आवश्यकता देखिएन । यतिबेला विवादमा पाँच नम्बर छ । पाँच नम्बरबाट कुनै जिल्ला अलग्याउन नपाइने मात्रै हो कि थप्न पनि नमिल्ने हो कुन्नी ? ठिकै छ रोल्पा, प्युठान, अर्घाखाची, गुल्मी र पाल्पालाई पाँच नम्बरबाट अलग्याउन नहुने हो भने कैलाली र कञ्चनपुरलाई पाँच नम्बरमा थपेर समस्या समाधान गर्न सकिन्छ । आफ्नो बसोबासको क्षेत्र विभाजित नगरिदेउ भन्ने थारू समुदायको आवाजको सुनुवाई गर्नुपर्ने आवश्यकताबोध गरिदैन । चारपाँचवटा जिल्लाहरू चार नम्बरमा थप्न मिल्ने हो भने पाँच नम्बरमा दुईवटा जिल्ला किन थप्न नहुने ? मनसाय र कुटिलता त्यसैमा छ । थारूहरूलाई एकै ठाउँमा गोलबन्द हुँने सुविधान दिँदा प्रदेशमा खस वर्चस्व गुम्ला भन्ने डर छ । त्यस्तो डर कसले पालिरहेको छ भन्ने कुरा दिनको घाम जत्तिकै छर्लङ्ग छ । भर्खरैको अर्को एउटा घटनाले अर्को खालको विभेदको उदाहरण दिन्छ । कञ्चनपुरमा एसएसबीबाट गोविन्द गौतम मारिए । सरकारले राजसी अन्त्येष्टिको ब्यवस्था गरिदियो । सायद, जनसाधारणको मृतदेहले ११ तोपको सलामी पाएको नेपालको लागि यो पहिलो घटना होला । मृतकलाई सहिद घोषणा गरियो । दशलाख क्षतिपूर्ति दिइयो । उनका छोराछोरीको पठनपाठनको जिम्मेवारी सरकारले लिने घोषणा गऱ्यो । छ वर्ष अगाडि मोरङमा त्यस्तै घटना भएको थियो । अमाही वरियाती- ७ का छविलाल शाह नेपाली भूमिमै एसएसबीको गोलीबाट मारिएका थिए । उनले त्यस्तो कुनै सुविधा र सम्मान पाएनन् । फरक एउटै कुरा थियो “समुदायको भिन्नता” ! गौतम पहाडी मूलका थिए, शाह मधेसी मूलका । दुबैजना नेपालका नागरिक थिए । मृत्युको कारण पनि एउटै थियो । गौतम सत्तारूढ जातिका थिए, शाह रैतिखलकका थिए । त्यो पन्पक्षको कारण ऐन, कानून र संविधान थिएन । त्यसको एकमात्र कारण चिन्तन थियो । मधेस र पहाड बीचको विभेदजन्य मानसिकता थियो । मानसिकता विभेदग्रस्त भएपछि अक्षरमा विभेद नभए पनि ब्यवहारमा विभेद भैहाल्छ । संविधान निर्माणमा मधेस उपेक्षित हुनुको कारण त्यही मानसिकता हो । विभेदग्रस्त मानसिकताले संविधान निर्माणको सन्दर्भमा मधेसलाई उपेक्षा गरेको हो । अक्षरमा विभेद नभए पनि ब्यवहार विभेदयुक्त हुने कुरा प्रमाणित परम्परा नै बनेको छ । मधेसले पहाडसँग बराबरीको हैसियत पाउनुपर्छ भन्ने स्वीकारोक्ति पहाडी मानसिकतामा भर्नुपर्ने आवश्यकता छ । संविधान संशोधन त्यसैको लागि हो । मधेसी समुदायलाई न्यायको विश्वास दिलाउनका निमित्त संविधान संशोधन गरिनुपर्ने अवस्था उत्पन्न भएको हो ।

संविधान जारी गर्दा मधेसलाई उपेक्षित भएको अनुभूति हुने परिस्थिति निर्माण गर्नु गल्ती थियो । संविधान पारित गर्ने प्रक्रियालाई जति नै लोकतान्त्रिक अभ्यासको जलप लगाउने कोशिस गरे पनि संविधान जारी हुँदै गर्दा मधेस आन्दोलित रहेको कुरा यथार्थ हो । संविधान जारी हुदैगर्दा मधेसमा मान्छे मारिदै थिए भन्ने कुरा पनि कटुसत्य हो । संविधान जारी भएको दुई दुई वर्ष बितिसक्दा पनि कार्यान्वयन हुननसकेको कुरा पनि साँचो हो । संविधान जारी गर्दैगर्दा संविधानमा रहेका कमजोरी र त्रुटिहरू तत्काल संविधान संशोधन गरेर सच्याइने प्रतिबद्धता संसदको रोष्टमबाट सार्वजनिक गरिएको कुरा पनि साँचो हो । संविधानको पहिलो संशोधनको बेला मधेसी भावनाको उपेक्षा गरिएको कुरा पनि साँचो हो । यसपटक संशोधनप्रस्ताव दर्ता गर्दा मधेसको सहमति लिनुपर्ने औपचारिकता समेत नपुऱ्याउने गल्ती गरिएको कुरा पनि सोह्रै आना सत्य हो ।

गल्ती भएको छ । र त्यो गल्तीमा कहीँ न कहीँ नश्लवादी चिन्तनको भूमिका छ भन्ने कुरा प्रमाणित भएको छ । संशोधन प्रस्तावमा मधेसको सहमति खोजिनु पर्थ्यो । त्यस्तो गरिएन अथवा सफलता मिलेन । कमसेकम प्रतिपक्षलाई मान्य हुने प्रस्ताव तयार गरिएका भए अर्थपूर्ण हुन्थ्यो । त्यसो पनि गरिएन । न असन्तुष्टपक्ष न प्रतिपक्ष कसैको पनि सहमति नभएको संशोधन प्रस्तावको नयिति त्रिशंकुको जस्तो हुनु अनिवार्य थियो । यतिबेला सरकार स्वयम समस्या समाधानको पक्षमा छ कि छैन भन्ने स्वाभाविक प्रश्न उठ्न थालेको छ । नियतबस त्यसो गरिएको हो भने अर्कै कुरा होला । होइन, आसय समस्याको समाधान खोज्ने नै हो भने बेलैमा एमालेबाहेक दुईतीहाई जुटाउने प्रयत्न गरिन्थ्यो । सरकार गठन गर्दैको बखत काँग्रेस र माओवादी केन्द्रबीच मन्त्रालय बाँडफाँडमा लुछाचुडी गर्नुभन्दा साना दलहरूलाई समेट्ने कुरालाई प्राथमिकता दिइन्थ्यो । तत्कालीन राप्रपा नेपाल र फोरम लोकतान्त्रिक बाहेकका बाँकी साना दलहरूलाई एमालेको क्याम्पमा जानुपूर्व आफ्नो कब्जामा लिने प्रयत्न गरिनुपर्थ्यो । सत्ताबाट वेदखल भएको एमाले सरकारलाई सजिलो पर्नेगरी संविधान संशोधनका लागि तयार हुनेछ भनेर कल्पना गरिएको थियो भने त्यो भन्दा ठूलो मुर्खता अरू के होला र ?

निर्वाचनको मिति घोषित भैसकेको छ । निर्वाचनपूर्व मधेसलाई समेट्नुपर्ने दायित्व सरकारको हो । मधेसको सहभागिता विनाको निर्वाचन थप अर्को गल्ती ठहरिनेछ । दुईनम्बर प्रदेशबाहेक अन्यत्र निर्वाचन भैहाल्छ भनेर अनुमान गरिएको हो भने त्यो सुझबुझयुक्त बुझाई हो भन्न मिल्दैन । मधेसले आन्दोलन थालिसकेको छ । मधेस आन्दोलनको राप लिम्बुवान, थरूहट र जनजाति समुदायमा पनि सल्कने छैन भनेर रमाउनु अपरिपक्वता हुनेछ । निर्वाचन तत्कालीन राजा ज्ञानेन्द्र शाहले पनि गराएका थिए । जनसहभागिता कम भयो भने निर्वाचनको स्वीकार्यतामा प्रश्न उठ्दो रहेछ । मधेसमा निर्वाचन हुन सक्तैन भन्ने कुरा सप्तरीको पछिल्लो घटनाले स्पष्ट गरिसकेको छ । त्यसमाथि जबर्जस्ती निर्वाचन गराइने भो भन्ने बुझाईले मधेसलाई थप उग्र बनाउनेछ । मधेसबाट उत्पन्न हुने त्यो डढेलो मधेस बाहिर पनि नसल्केला भन्न सकिन्न । निर्वाचनमा होमिनु सजिलो होला । निर्वाचनको असफलताबाट उत्पन्न हुने विषम परिस्थितिबाट उब्रन गाह्रो हुनेछ । विग्रह निम्तने निर्वाचन हुनुभन्दा नहुनु राम्रो । ■

www.bikalpanews.com
gjljsNk ;fKtflxs l8lh6n Gohkk/

हामीलाई फेसबुक र ट्वीटरमा समेत फलो गर्न सक्नुहुन्छ
फेसबुकका लागि
https://www.facebook.com/bikalpanews/
ट्वीटरका लागि
https://twitter.com/NawabikalpaWeek

ठाडाखानीको विद्यालयमा भवन निर्माण

■ नवविकल्प

रघुगंगा गाउँपालिकाको ठाडाखानीमा रहेको मालिका आधारभुत विद्यालयमा भवन निर्माण भएको छ । जिल्ला शिक्षा कार्यालयको सहयोगमा ३ कोठे र अमेरीकाको ग्लोबल न्युट्रेशन एण्ड ईमपावरमेन्ट (जिएनआई) संस्थाको सहयोगमा २ कोठे छुट्टा छुट्टै पक्कि भवन निर्माण भएको हो ।

वि.स २०७२ बैशाख १२ गतेको भुकम्पका कारण यो विद्यालयको ७ कोठे भवन भत्कीएको थियो । जिल्ला शिक्षा कार्यालयको १९ लाख ५० हजार अनुदान र स्थानीय बासीन्दाको ५ लाख बराबरको श्रमदानमा तीन कोठे भवन निर्माण भएको छ ।

यस्तै अमेरीकाको ग्लोबल न्युट्रेशन एण्ड ईमपावरमेन्ट (जिएनआई) संस्थाको १२ लाख रूपैयाँ नगद सहयोगमा स्थानीय बासीन्दाले थप एक लाख बराबरको श्रमदान गरेर अर्को दुई कोठे भवन बनाएका हुन् ।

नयाँ भवनको पाँच वटा मध्य चार वटा कक्षा सञ्चालन र एक वटा प्रशासनका लागी प्रयोग भएको छ । जिएनआई संस्थाकी अध्यक्ष म्यारी जोडले सोमबार २ कोठे भवनको उद्घाटन गर्नुभयो । “हामीले स्वमसेवी रूपमा चन्दा संकलन गरेर भुकम्प प्रभावीत यो विद्यालयको भवन पुननिर्माणका लागि सहयोग गरेका हौं” अमेरीकाको न्युरो सर्जन चिकित्सक समेत रहेकी जोडले भन्नुभयो “यसबाट विद्यार्थीहरूको शिक्षामा सुधार ल्याउन सहयोग पुग्नेछ ।”

जोडले सरकारसंग मिलेर नेपालका बालबालीका र महिलाको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गर्ने संस्थाले पहल गरिरहेको समेत जानकारी गराउनुभयो । ब्यक्तिगत रूपमा विद्यालयलाई थप २५ हजार रूपैयाँ नगद समेत सहयोग गरेकी जोड समक्ष ब्यवस्थापन समितिका पदाधीकारीले थप पुर्वाधारमा सघाउन आग्रह गरेका थिए । जिएनआईले भुकम्प लगत्तै अस्थाई टहरा बनाउन डेढ लाख रूपैयाँ सहयोग गरेको थियो ।

बालकक्षा देखि कक्षा ८ सम्मको पठनपाठन हुने सो विद्यालयको पाँच वटा कक्षाका विद्यार्थीलाई अहिले पनि सोही जस्ताको अस्थाई टहरामा राखेर पढाउने गरिएको छ । बालकक्षा, ३, ५, ४ र १ कक्षाका विद्यार्थी टहरामा बसेर पढ्ने गरेका छन् । पानी पर्दा हिलो हुने, घाम लाग्दा पोल्ने, कापी किताब भिज्ने, चिसो हुने समस्या रहेको विद्यार्थीहरूले बताएका छन् ।

“झरी लाग्दा, घाम चर्कीदा र हुरीबतास चल्दा समस्या छ” विद्यार्थी पुनम पाईजाले भनिन् “पानीले भिजेर कापीकिताब रूझाउँछ, बस्ने ठाउँ हिलाम्मे हुन्छ, चिसोले बस्नै गाह्रे भएको छ ।”भौगोलिक रूपमा बिकट क्षेत्रमा अवस्थित यो विद्यालयमा ९० जना विद्यार्थीहरू अध्ययनरत छन् ।

बालबालीकालाई राखेर पढाउने गरीएको आमा समूहको २ कोठे अर्को भवन समेत जिर्ण बनेको छ । पुर्वाधार अभावका कारण विद्यार्थीको सिकाई र पढाईमा असर परेको प्रअ खिममाया छन्त्यालले बताउनुभयो ।

“कक्षा कोठा भवन र दरबन्दिका शिक्षक लगायतका पुर्वाधारको पहिले पनी समस्या थियो” प्रअ छन्त्यालले भन्नुभयो “भुकम्पले भएको भवन समेत भत्काएपछि झन बिगोज बनायो ।” पाँच कोठे दुई वटा भवन पूननिर्माण भैसकेको छ । थप पाँच वटा कोठाको आवश्यकता छ ।

भवन उद्घाटन कार्यक्रममा समन्वयकर्ता घोडेपानीका अगुवा डमबहादुर पुनले भौगोलिक रूपमा बिकट भएपनि कृषि, पशुपालन, पर्यटन, खनिज सम्पदाका हिसावले महत्वपूर्ण सम्भावना बोकेको ठाडाखानी गाउँको विकासमा एकतावद्ध भई अग्रसर बन्न आग्रह गर्नुभयो । विद्यालयलाई १५ हजार रूपैया सहयोग गरेका पुनले विद्यार्थीहरूलाई पोशाकको ब्यवस्था गर्ने घोषणा गर्नुभयो ।

कार्यक्रममा विद्यालय भवन निर्माण समितिका अध्यक्ष मनकुमार पुन र कोषाध्यक्ष टेकजित भरम्जा छन्त्यालले सहयोगदताहरूलाई धन्यवाद ज्ञापन गर्नुभयो । विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष गमबहादुर घरम्जा छन्त्यालको अध्यक्षता, मन छन्त्यालको सञ्चालन र मनबहादुर बुढाथोकीको स्वागत मन्तब्यमा कार्यक्रम सम्पन्न भएको थियो ।

विद्यार्थी र गाउँलेले भवन उद्घाटन गर्न गाउँमा पुगेका अमेरीकी संस्थाका प्रतिनिधिहरूलाई बाजागाजा सहित स्वागत र सम्मान गरेका थिए । यसैगरी ठाडाखानीका विद्यार्थीहरू मावि तहको शिक्षा हाँसील गर्न दैनिक चार घण्टा हिडेर विद्यालय पुग्ने गरेका छन् ।

गाउँमै मावि तहको विद्यालय र छात्राबासको सुबिधा नहुँदा ठाडाखानीका बालबालीका पाखापानीमा रहेको अमर माविमा पुग्ने गरेका हुन् । खोल्सा र वनजंगलको बाटोमा दुई घण्टा हिडेर विद्यालय पुग्ने बालबालीकाहरूलाई घर फर्कन समेत त्यतीकै समय लाग्ने गरेको छ । विद्यालय टाढा हुँदा आधारभुत तहको कक्षा ८ सम्मको शिक्षा हाँसील गरेका बालबालीकाले पढाईलाई निरन्तरता दिन नसकेको ठाडाखानीमा रहेको मालीका आधारभुत विद्यालयकी प्रअ खिममाया छन्त्यालले बताउनुभयो ।

“हुने खानेहरू बेनी, पोखरा, काठमाडौमा जान्छन्” प्रअ छन्त्यालले भन्नुभयो “विपन्न र गरीब समुदायका बालबालीकालाई समस्या परेको छ ।” बिहान ८ बजे विद्यालय हिड्ने विद्यार्थीहरू साझँ ६ बजे घर पुग्छन् । विद्यालय पुग्न र घर फर्कनै धेरै समय लाग्ने भएपछि गृहकार्य तथा घरमा अध्ययन गर्न नपाउने अवस्था रहेको विद्यार्थीले बताएका छन् ।

साविकको पाखापानी गाविसको ५ र ६ नम्बर वडामा पर्ने ठाडाखानी गाउँमा ९० घरपरीवारको बसोबास छन् । अल्पसंख्यक छन्त्याल र दलीत समुदायको बसोबास रहेको छ । छोराछोरी पढाउनका लागि दश घरपरिवारले बसाईसराई गरीसकेका छन् । ठाडाखानी, रायखोर, कुईनेको भिङखानी लगायत भौगोलिक रूपमा बिकट र दुर्गम बस्तीका विद्यार्थीहरूको सुबिधाका लागि अमर माविमा छात्रावास स्थापना गर्न पहल गरीएको प्रअ युकुमार गर्बुजाले बताउनुभयो । छात्रावास सञ्चालन गर्न भवनको ब्यवस्थाका लागि पहल गरिएको छ ।

म्याग्दीका शेरचन छयासी वर्षमा सगरमाथा आरोहण गर्दै

■ नवविकल्प

म्याग्दीका मिनबहादुर शेरचनले विश्व किर्तीमान कायम गर्न ८६ वर्षको उमेरमा सगरमाथा आरोहण गर्ने तयारी गर्नुभएको छ ।

रूममा जन्मिएर भुरूङ तातोपानीलाई कर्मथलो बनाउनुभएका शेरचनले यसअघि सन २००८ मा ७६ वर्ष ३४० दिनमा विश्वको सर्वच्च शिखर सगरमाथा आरोहरण गरि किर्तीमान कायम गर्नुभएको थियो । उहाँको किर्तीमानलाई पछि जापानी नागरिकले तोडेका थिए । सन २०१५ मा सगरमाथा आरोहणका लागी गएका शेरचन भुकम्पले गर्दा आधार शिवीरबाट फर्कनुभएको थियो ।

आरोहणको तयारीको लागि मुस्ताङ जाने क्रममा म्याग्दी उद्योग वाणिज्य संघले मंगलबार बेनीमा आयोजना गरेको कार्यक्रममा शेरचनले नभई पृथ्वीको रक्षा, मानवताको कल्याण र विश्वशान्तीको लागि सन्देश प्रवाह गराउनु आफ्नो उद्देश्य रहेको बताउनुभयो । शेरचनको सगरमाथा आरोहणको लागि सहयोग संकलन अभियानका संयोजक जितबहादुर घर्तीले मुस्ताङमा हाई अल्टीट्युड र काठमाडौमा शेर्पाहरूसंग तयारी गरेपछि मे महिनाको १२ देखि २५ गतेभित्र आरोहण गर्ने कार्यतालीका रहेको जानकारी दिनुभयो ।

आरोहणका लागि एक करोड रूपैयाँ आवश्यक पर्ने संयोजक घर्तीले जानकारी दिनुभयो । म्याग्दी प्रवासी नेपाली संघ (मोना) बेलायत, गैरआवासिय नेपाली संघ, थकाली समाज, मगर समाज लगायतका संघ संस्थाहरूले शेरचनको आरोहणका लागि आर्थिक स्रोत जुटाउन अभियान सञ्चालन गरेका छन् ।

म्याग्दी उद्योग वाणिज्य संघका महासचिव राजेश शाक्यले पनी शेरचनको सगरमाथा आरोहण अभियानका लागि दश हजार रूपैयाँ सहयोगको घोषणा गर्नुभएको छ । संघका बरिष्ठ उपाध्यक्ष उत्तम कर्माचार्यको अध्यक्षता, महासचिव शाक्यको सञ्चालन र द्धितीय उपाध्यक्ष सुविन श्रेष्ठले समापन गर्नुभएको कार्यक्रममा नेपाल पत्रकार महासंघका अध्यक्ष तारानाथ शर्माले शेरचनको साहसले नेपालीहरूको सक्रिय बुद्यौलीको पुष्टि गर्ने बताउनुभयो ।

डायस्पोरा

बालमन्दिरको भवन पुननिर्माण अभियान

■ नवविकल्प



नगरपालिका ४ डाँडाखेत स्थित बालमन्दिर आधारभुत विद्यालयको भवन आगलागीबाट जलेर ध्वस्त भएपछि पठनपाठन प्रभावित भएको छ । १७४ जना बालबालिकाले अध्ययन गर्ने सो विद्यालयको ५ वटा कक्षा टहराबाट सञ्चालन भएको छ । कक्षा ४, ५, ६, ७ र ८ का एक सय भन्दा बढी विद्यार्थीलाई त्रिपालले छाएको, जस्ताले बारेको टहरामा राखेर पढाउने गरीएको शिक्षक रामप्रसाद शर्माले बताउनुभयो ।

टहरामा घामले पोल्ने, पानी पर्दा रूझाउने, पुस्तक, कापी भिजाउने, हावा हुरीले सताउने गरेकाले पठनपाठनमा समस्या भएको हो । २०७३ फागुन २५ गते साँझ विद्युत सर्ट भएर आगलागी हुँदा सो विद्यालयको १० कोठे भवन जलेर ध्वस्त भएको थियो ।

विद्यालयको प्रशासन, कम्प्युटर ल्याब, पुस्तकालय र कक्षा कोठा रहेको भवनमा आगलागी हुदाँ ९२ लाख रूपैयाँ बराबरको क्षति पुगेको थियो । भवन जलेपछि नेपाल विद्यार्थी संघ र अनेरास्ववियुका कार्यकर्ताले श्रमदान गरेर अस्थाई टहरा बनाएका थिए ।

बालकक्षा, १, २, ३ कक्षा र प्रशासन अर्को भवनबाट सञ्चालन भएको छ । यसैबीच विद्यालयको भवन पुननिर्माणका लागि आर्थिक सहयोग जुटाउन पुर्व विद्यार्थीहरूले अभियान सञ्चालन गरेका छन् ।

हाल दक्षिण कोरीयामा रहनुभएका पुर्व विद्यार्थी तथा मोनाका बरिष्ठ उपाध्यक्ष बिनोद कुँवरको नेतृत्वमा विश्वका विभिन्न देशमा रहेका डाँडाखेत बासीहरूले सामाजिक सञ्जाल फेसबुक मार्फत सहयोग अभियान सञ्चालन गरेका हुन् । सहयोग संकलन अभियानमा विश्वका विभिन्न देशमा रोजगारी, अध्ययन र पेशा ब्यवसायका लागि पुगेका पूर्व विद्यार्थी तथा डाँडाखेत, सिंगा क्षेत्रका बासिन्दाहरूलाई समेटीएको प्रअ तिर्थ बानीयाले जानकारी दिनुभयो ।

अमेरीकामा मनोज बानियाँ, बेलायतमा आश्विन शाही, नर्वेमा प्रविण शाही (जिवन), दुवईमा तप्त शाही (सुजन), बहराईनमा मित्रलाल पौडेल, साउदीमा देव जिसी, कतारमा उमेर भण्डारी, पोर्चुगल लिलाधर पौडेल, दक्षिण कोरीया महेन्द्र बानिया, जापान शैलेश हमाल, अस्ट्रेलीयामा सुमन बानिया, मलेसियामा किसान बानियाँ, ईटलीमा बलबहादुर शाही, अफगानिस्तानमा सुर्देशन मल्ल, जर्मनमा रवीन कार्की र कुवेतमा सन्त मिजारलाई संयोजकको जिम्मेवारी दिइएको छ ।

अस्ट्रेलीयामा सुमन बानियाँ, मोना बेलायतबाट किसान जिसी, बेलायत सयपत्र कल्चर ग्रुपबाट आश्विन शाहीको नेतृत्वमा सामूहिक रकम संकलन अभियान सुरू भैसकेको छ । अन्य देशहरूबाट शुभचिन्तकहरूले आफूले बोल कवोल गरेको रकम विद्यालय पेजमा पोष्ट गरीरहेका छन् ।

हालसम्म १२ लाख रूपैयाँ सहयोग घोषणा भएको छ । अहिले विद्यालय भैरहेको जग्गामा नयाँ भवन निर्माण गर्न अपुग हुने भएकाले जग्गा ब्यवस्थापन, तत्कालीन राहत र भवन निर्माणका लागि स्थानीय स्रोतको लगानीको लागि रकम आवश्यक रहेको प्रअ बानीयाँले बताउनुभयो ।

जिल्ला शिक्षा कार्यालय, विपद् ब्यवस्थापन समिति, जिल्ला समन्वय समिति, बेनी नगरपालिका कार्यालय लगायतका निकायमा भवन पुननिर्माणका लागि पहल गरीएको शिक्षक शर्माले बताउनुभयो । शिक्षा कार्यालय र विपद् ब्यवस्थापन समितिको सिफारिसमा राष्ट्रिय योजना आयोगमा योजना पेश गरीएको छ ।

"हाम्रो अभियान, लोक संस्कृतिको संरक्षण, स्रष्टाको सम्मान, नव प्रतिभाको प्रोत्साहन"
प्रथम
धौलागिरी सांस्कृतिक महोत्सव-२०७३
२०७३ चैत्र १० देखि २० गते सम्म
स्थान: खुल्ला मञ्च, बेनी बजार, म्याग्दी
राष्ट्रिय स्तरका ख्यातिप्राप्त कलाकारहरुद्वारा दैनिक प्रस्तुति
महोत्सवका आकर्षणहरु:
बाल उद्यान
खुल्ला लोकगीत प्रतियोगिता
सालैजो नृत्य प्रतियोगिता
मौलिक झाँकी प्रदर्शन
भजन प्रतियोगिता
धौलागिरी अञ्चल स्तरीय खुल्ला नृत्य प्रतियोगिता
धौलागिरी अञ्चल स्तरीय महिला तथा पुरुष भलिबल प्रतियोगिता
राष्ट्रिय लोक तथा दोहोरी गित प्रतिष्ठान नेपालका ख्याती प्राप्त कलाकारहरुको बेजोड प्रस्तुति साथमा विविध सांस्कृतिक कार्यक्रम
चर्चित हाँस्य कलाकारहरुको बेजोड प्रस्तुति
मीठा-मीठा परिकारहरुको स्वाद लिन पाइने
आयोजक:
राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल
अञ्चल कार्य समिति, धौलागिरी
सचिवालय सम्पर्क नं.: ९८५७०३१९८५, ९८५७६२११०८
स्टल वुकिङ्ग खुल्ला छ ।
सम्पर्क नं.: ९८५६०४६०८५, ९८०१३४६०८५

अदुवा बिक्न छाड्यो

■ **नवविकल्प**

पर्वतको जलजला गाउँपालिकाका कृषकहरू अदुवा बिक्री नहुँदा निराश भएका छन् । लेकफाँट, शालीजा क्षेत्रमा उत्पादन भएको अदुवालाई बजारको समस्या भएको हो । खाद्यबाली र तरकारीको बिकल्पमा खेतबारीमा अदुवा लगाएका कृषकहरू थुरपुरोमा हात थमाउन बाध्य भएका छन् । अदुवाले मूल्य र बजार दुवै नपाएको लेकफाँट देउरालीका कुलप्रसाद सुवेदीले बताउनुभयो ।

उनले बिक्री नभएपछि पाँच हजार किलोग्राम अदुवा बारीमै राखेका छन् । "प्रतिकिलो ८० रूपैयामा बिउ किनेर लगाएको अदुवा २० रूपैयामा पनि बिक्री भएन्" सुवेदीले भन्नुभयो "लगानी समेत उठ्न नसकेपछि कृषक चिन्तित भएका छन् ।"

सो क्षेत्रमा उत्पादीत अदुवाको प्रमुख बजार बेनी, कुश्मा, पोखरा र भारत हो । भारतले पछिल्लो दुई वर्षयता नेपालबाट कम मात्रामा अदुवा लैजान थालेपछि त्यसको मर्का कृषकलाई परेका छ । औषधीय गुण बोकेको अदुवा दाल, तरकारी र अचार बनाउन प्रयोग हुन्छ ।

नेपालमा अदुवाको प्रयोग न्युन छ भने यसलाई प्रसोधन गरेर अन्य परिकार बनाउने उद्योगको अभाव छ । दुई वर्ष पहिले ६० देखि ८० रूपैया प्रतिकिलोका दरले अदुवा बिक्री हुने गरेको स्थानीय कृषक राधीका सुवेदीले बताउनुभयो । लेकफाँटका दुई सय घरधुरीले ब्यवसायीक अदुवा खेती गरेका छन् ।

एक जना कृषकले वर्षमा दुई देखि पाँच क्विन्टल सम्म अदुवा उत्पादन गर्छन् । सडक भएपनि यातायातको सुबिधा नहुँदा पिठ्युमा भारी बोकेर म्याग्दीको बेनीमा अदुवा, दूध, तरकारी लगायत कृषि उपज बिक्री गर्न आउने गरेका छन् ।

अदुवा भण्डारण गर्ने ब्यवस्था भएमा बेसीजनमा बिक्री गर्न सकिने कृषकहरूले बताएका छन् । अहिले तराई र भारतबाट आयात गरिएको अदुवा सस्तो मूल्यमा पाइने भएकाले स्थानीय बजारमा बिक्री हुन सकेको छैन् ।

दलित युवा तरकारी खेतीमा

■ **नवविकल्प**

बेनी नगरपालिका ८ जामुनाखर्कका दलित युवाहरूले जग्गा भाडामा लिएर ब्यवसायिक तरकारी खेती सुरू गरेका छन् ।

पाँच जना युवाहरूले पन्ध्र रोपनी जग्गा भाडामा लिएर मौसमी तथा बेमौसमी तरकारी खेती गरेका हुन् । स्थानीय स्तरमै स्वरोजगार भई आयआर्जन गर्ने उद्देश्यले बेनपा ८ जम्रेनीमा खेत भाडामा लिएर तरकारी खेती सुरू गरेको कृषक घनश्याम सुनारले बताउनुभयो ।

कतारमा तिन वर्ष काम गरेर फर्कीएका सुनारको नेतृत्वमा रहेको सो समूहमा सुवास विश्वकर्मा, अरूण रामदाम, भवीलाल बिक र सुसन बराईली आवद्ध छन् । "बिदेशमा दैनिक १८ घण्टा काम गर्नुभन्दा आफ्नै खेतबारीमा तरकारी फलाउदा फाईदा हुने देखेर तरकारी खेती सुरू गरेका हौं" सुनारले भन्नुभयो ।

वार्षिक २५ हजार रूपैयाँ तिर्नेगरी भाडामा लिएको खेतमा हिउँदे आलु, मुला र केराउ खेती गरेका उनिहरूले थप २५ रोपनी जमिन भाडाका लागि सम्झौता गर्ने तयारीमा छन् । सो जमिनमा गोलभेडा, बन्दा, काउली, गाजर, काँक्रो, भन्टा, खुर्सानी लगायतका तरकारी समेत खेती गर्ने योजना रहेको छ ।

उनिहरूको पहलमा गाउँमा ब्यवसायिक कृषि पेशा अपनाउनेहरूलाई ऋण र बचत सुबिधाका लागि जामुनाखर्क कृषि सहकारी संस्था समेत स्थापना गरेका छन् । २५ जना कृषकहरू आवद्ध संस्थामा पाँच लाख रूपैया सेयर पुँजी रहेको छ ।

युवा पलायनलाई रोक्ने र दलित समुदायको आयआर्जन वृद्धीका लागि सहकारी मार्फत ब्यवसायीक तरकारी खेतीलाई विस्तार गरीएको संस्थाका सचिव सुवास विश्वकर्माले बताउनुभयो । सदरमुकाम बेनी बजार नजिकै रहेकाले जम्रेनीमा तरकारी खेतीको राम्रो सम्भावना भएको कृषकहरूले बताएका छन् । तरकारी खेतीका लागि ब्यवस्थित सिचाई सुबिधाको आवश्यकता रहेको छ ।

उनिहरूलाई जिल्ला कृषि विकास कार्यालयले यस वर्ष ५० प्रतिशत अनुदानमा तिन वटा पलास्टीक टनेल उपलब्ध गराएको ज्यामरूककोट सेवा केन्द्रका नायव प्राबिधिक सहायक भुपेन्द्र योगीले बताउनुभयो ।

मुस्ताङमा पर्यटकको चहलपहल

■ **नवविकल्प**

हिमाली जिल्ला मुस्ताङमा पर्यटकको चहलपहल सुरू भएको छ । पर्यटकीय याम सुरू भएसँगै मुस्ताङ छिर्ने पर्यटकको सङ्ख्या दैनिक बढ्दो छ । फागुन-जेठ दोस्रो मुख्य पर्यटकीय याम हो । मध्यजाडोमा हिमपातसँगै अत्यधिक चिसो झेलेको मुस्ताङले अहिले न्यानोसहित पर्यटकलाई स्वागत गरिरहेको छ ।

पुस-माघमा एकाध पर्यटक देखिने मुस्ताङका गन्तब्यमा अहिले बाक्लै आन्तरिक तथा बाह्य पर्यटक देखिन्छन् । फागुन लागेसँगै पर्यटक आगमन बढेको मुस्ताङका होटल तथा पर्यटन ब्यवसायीले बताएका छन् ।

हिउँदमा चिसोले सुनसान बनेको मुस्ताङमा केही दिनयता चहलपहल सुरू भएको जोमसोमकी होटल ब्यवसायी अनिता शेरचनले बताउनुभयो । हिउँ पर्ने र बढी चिसो हुने हुँदा पुस माघमा पर्यटक आगमन अति न्यून हुने गरेको छ । पर्यटक आगमन सुरू भएपछि मुस्ताङका ब्यवसायी उत्साहित बनेका छन् । पछिल्लो समय त्यहाँ घुम्ने आन्तरिक पर्यटकको सङ्ख्या बढ्दो क्रममा छ । अघिल्ला वर्षका तुलनामा आन्तरिक पर्यटकको सङ्ख्या बढेको लेतेस्थित 'एन्जल गेष्ट हाउस'का सञ्चालक विमल शेरचनले बताउनुभयो । मुक्तिनाथ दर्शन गर्न आउने तीर्थयात्री र यात्रामा रमाउने युवाको रोजाइमा मुस्ताङ पर्ने गरेको छ ।

यातायातको सहजताले पनि पर्यटक आगमनमा वृद्धि भएको छ । मुक्तिनाथस्थित अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) को पर्यटक चेकपोस्ट तथा सूचना केन्द्रका अनुसार म्याग्दी हुँदै सडक मार्ग र पोखराबाट हवाईमार्ग भएर मुस्ताङ छिर्ने पर्यटकको सङ्ख्या बढेको छ । मनाङ हुँदै 'थोरङ्लापास' भएर मुस्ताङ छिर्ने पर्यटकको सङ्ख्यामा समेत वृद्धि हुँदै गएको छ ।

मुक्तिनाथ जाने विदेशी पर्यटकमा सबैभन्दा बढी भारतीय रहेको सूचना केन्द्रका कार्यालय सहयोगी धनप्रसाद गुरूङले बताउनुभयो । मुस्ताङ भ्रमण गर्ने आन्तरिक पर्यटकको लेखाजोखा राख्ने गरिएको छैन । जनवरीमा कुल ६२७ विदेशी पर्यटक मुस्ताङ भित्रिएका थिए । फ्रेब्रुअरीमा एक हजार २३२ विदेशी पर्यटकले मुस्ताङको भ्रमण गरेका छन् ।

भूकम्प, नाकाबन्दीलगायत कारण गत वर्ष खस्किएको पर्यटन ब्यवसाय पुनः फस्टाउने आशा जागेको पर्यटन ब्यवसायी बताउँछन् । यातायातको सहजताले पछिल्लो समय मुस्ताङ घुम्ने आन्तरिक तथा बाह्य पर्यटकको सङ्ख्यामा उल्लेख्य वृद्धि हुँदै गएको छ । 'एक्याप' मुस्ताङका अनुसार गत वर्ष कुल ३८ हजार १७ विदेशी पर्यटकले मुस्ताङको भ्रमण गरेका थिए ।

ठाडाखानीको आयस्रोत बन्यो भेडापालन

■ **नवविकल्प**

रघुगंगा गाउँपालिका ५ को ठाडाखानीका बासिन्दाले भेडापालनलाई गाउँको मुख्य आयस्रोत बनाएका छन् । साविकको पाखापानी गाविसको ५ र ६ नम्बर वडामा पर्ने ठाडाखानीका बासीन्दाको लागि भेडापालन जिविकोपार्जनको स्रोत बनेको हो । ८० घरधुरीको बसोबास रहेको ठाडाखानीमा ३० घरपरिवारले ब्यवसायिक भेडापालन गरेको मालीका भेडापालन समूहका सचिव नरेश छन्त्याललले बताउनुभयो । गाउँमा हाल एक हजार ४०० भेडा रहेका छन् । एक जनाले १० वटादेखि ८० वटा सम्म भेडा पालेका सचिव छन्त्याललले बताउनुभयो । उहाँका अनुसार गाउँबाट वर्षमा तिन सय भन्दा बढी भेडा बिक्री हुने गरेको छ । एउटा भेडालाई दश देखि १५ हजार रूपैयाँ सम्ममा बिक्री हुने छन्त्याललले बताउनुभयो ।

सचिव छन्त्यालका अनुसार भेडा बिक्री गरेर ठाडाखानीमा वार्षिक तिस लाख रूपैयाँ भन्दा बढी भित्र्ने गरेको छ । उच्च पहाडी क्षेत्रमा अवस्थित ठाडाखानीको नजिकै प्रशस्त जंगल रहेकाले भेडाका लागि चरनको समस्या छैन् । चिसो हावापानीमा हुर्कीएका भेडाको मासु स्वादीलो र स्वथ्यकर हुने भएकाले ग्राहक गाउँमै पुग्ने गरेका छन् ।

म्याग्दी र पर्वतका विभिन्न ठाउँबाट बली चढाउनका लागि भेडा किन्न सर्वसाधारण ठाडाखानी पुग्छन् । बिम, दरवाङ र पाखापानीको सिमानामा पर्ने धार्मीक स्थल मालीकामा बली चढाउनेहरूले समेत ठाडाखानीबाटै भेडाको साँड किन्ने गरेका छन् ।

उनिहरूले घरकै खोरमा भेडा पाल्ने गरेका छन् । धेरै जसो ठाँउमा जंगलमै भेडाको गोठ राख्ने चलन छ । छोराछोरी पढाउन, घरखर्च चलाउनका लागि भेडापालन सहयोगी बनेको स्थानीय कृषक सोमबहादुर छन्त्याललले बताउनुभयो ।

हाल ३६ वटा भेडा पालेका उहाँले बर्षमा दश वटा सम्म बिक्री गर्नुहुन्छ । यसैगरी भेडाको उन काम्लो, डसना, हरदुब्लो लगायतका कपडा तयार पार्न प्रयोग हुन्छ । कतिपयले गाउँमै उनबाट सामान तयार गरेर बिक्री गर्छन । उन खरिद गर्न ब्यापारी गाउँमै समेत आउँछन् । प्रतिकिलो उन पचास रूपैयाका दरले बिक्री हुने गरेको छ ।

कृषकहरूमा ब्यवसायिक ज्ञान, सिप तथा प्रबिधिमा पहुँच नहुँदा भेडापालन ब्यवस्थित बन्न भने नसकेको स्थानीय बासिन्दा मनबहादुर बुढाथोकीले बताउनुभयो । आन्तरीक तथा बाह्य परजिवि विरूद्धको औषधि, घाँस, उन काट्ने कैंची, खोर ब्यवस्थापन, डिपीङ टंकी र तालीमको आवश्यकता रहेको उहाँले बताउनुभयो ।

जिल्ला पशु सेवा कार्यालयले दुई वर्ष अघि ठाडाखानी लगायत रघुगंगा क्षेत्रका भेडापालक कृषकहरूलाई समूहमा आवद्ध गराएको थियो । समूह मार्फत औषधि, उपकरण र प्रबिधि सहयोग गरीने कार्यालयका प्रमुख बरिष्ठ पशु चिकित्सक मनबहादुर पुनले बताउनुभयो ।

"पश्चिम धौलागिरी" पदमार्ग नक्साङ्कन

■ **नवविकल्प**

म्याग्दी, रूकुम र डोल्पाको हिमाली क्षेत्रलाई समेट्ने नयाँ पदमार्गको पहिचान भएको छ ।

म्याग्दीको कुईनेमंगले स्थित धौलागिरी आधार शिवीरदेखि मुदी, गुर्जा, ढोरपाटन शिकार आरक्ष, रूकुमको स्यार्फु ताल र डोल्पा जिल्लालाई समेटेको यो पदमार्गलाई "पश्चिम धौलागिरी" नामाकरण गरिएको छ ।

नेपाल प्रवतारोहण संघ, साविकको रूकुम जिविस, म्याग्दीको साविकको गुर्जा गाविसको आर्थिक र हिमालयन म्याप हावउको प्राबिधिक सहयोगमा रूकुमका पर्वतारोही मानबहादुर खत्रीले तयार पारेको पदमार्गको नक्सा बुधबार बेनीमा सार्वजनीक भएको हो ।

म्याग्दी उद्योग वाणिज्य संघले आयोजना गरेको कार्यक्रममा खत्रीले कालीगण्डकी देखि पश्चिम र भेरी देखि पुर्वमा रहेका धौलागिरी, गुर्जा, सिस्ने हिमाललाई समेटीएको पदमार्गमा २१ दिनमा यात्रा गर्न सकिने जानकारी दिनुभयो । पदमार्गको स्थलगत अध्ययन र नक्साङकनका लागि चार वर्ष लागेको उहाँले बताउनुभयो ।

"तिन वटा खण्डमा बिभाजन गरिएको यो पदमार्ग म्याग्दीको गुर्जाका बासिन्दाले रूकुम, डोल्पा र मुस्ताङ आवत जावत गर्न पुस्तौ अघि प्रयोग गरेको बाटोको आधारमा तयार पारीएको हो" खत्रीले भन्नुभयो "यसमा पर्यटक भित्र्याउनका लागि ब्यवस्थित बाटो, आवास सुबिधा र प्रचारप्रसारको आवश्यकता छ ।"

मुस्ताङको लेतेबाट सुरू गरि म्याग्दीको कुईनेमंगले हुँदै मुदीको खिबाङमा पुगेर माथिल्लो पश्चिम धौलागिरी पदमार्गमा जोडिने रूटलाई तल्लो ट्रान्स धौलागिरी भनिएको छ । गुर्जामा पर्ने पुथा र चुरेन हिमाललाई समेटीएको पदमार्गलाई माथिल्लो पश्चिम धौलागिरी नामाकरण गरिएको छ ।

गुर्जाबाट चुरेन र पुथा हिमालको बेस क्याम्प पुग्न सकिने यो पदमार्गबाट डोल्पा, रूकुम र ढोरपाटन आरक्ष छिर्न सकिने गाउँ पर्यटन प्रर्वद्धन समिति गुर्जाका अध्यक्ष झकबहादुर छन्त्याललले बताउनुभयो । तल्लो धौलागिरी ट्रेकमा दरबाङ, मुना, लुलाङ हुँदै गुर्जा पुगेर एकराते, फलियाघर, रूकुमको वारमीपारमी, दोगाडी खोला, मैकोट अथवा सिस्ने बस्ती हुदै स्यार्पू तालमा पुगेर यात्रा टुंगीन्छ ।

चौथो बिकल्पको रूपमा पहिचान गरिएको ढोरपाटन कल्चरल ट्रेक अर्न्तगत गुर्जा हुँदै गुर्जाघाट, रूघाचौर, मैकोट, रन्मा, अर्जल हुँदै सिस्नेको चारगाउँ निस्कने गरि नक्साङ्कन भएको छ । पदमार्गमा मनोरम हिमसृङ्खला, थरिथरीका जंगली फुल, जडिबुटी, चराचुरूङ्गी, हिमाली र जंगली जनावर, प्राकृतिक भू-वनोट प्रमुख आकर्षण रहेका छन् ।

क्षेत्री, दलित, मगर र छन्त्याल समुदायको मौलिक कला संस्कृति समेत थप आकर्षण हुनेछन् । सडक सञ्जालले नछोएको र भविष्यमा समेत प्रत्येक्ष प्रभाव पार्न नसक्ने गरि पहिचान गरिएको पदमार्ग भएकाले प्राकृतिक सौन्दर्यतामा रमाउन खोज्ने पर्यटकहरूको लागि यो पदमार्ग उपभोगी हुने म्याग्दी उद्योग वाणिज्य संघका अध्यक्ष जिवनबहादुर विश्वकर्माको विश्वास छ ।

म्याग्दीमा .....

आउन नचाहने र यहाँ दरबन्दी भएका कर्मचारी अन्यत्र काजमा रहने समस्या देखिएको छ । बेनीमा संस्थान बाहेक ३० वटा सरकारी कार्यालय रहेका छन् । सिमित कर्मचारीमा कामको बोझ थपिनुका साथै पूर्वाधार योजनाको बजेट कार्यान्वयन र अनुगमन प्रभावित भएको सिँचाई विकास सब डिभिजन कार्यालयका प्रमुख इन्जिनियर रमेशराज शर्माले बताउनुभयो । विभिन्न तहका ११ जनाको दरबन्दी रहेको सो कार्यालयमा हाल ५ जनामात्र कार्यरत छन् ।

२१ जनाको दरबन्दी भएको मालपोत कार्यालयमा दश जना, ४५ जनाको दरबन्दी भएको पशु सेवामा २८, ४२ जनाको दरबन्दी भएको कृषि विकासमा २५ जना र ६१ जनाको दरबन्दी भएको वन कार्यालयमा ४८ जना मात्र कार्यरत छन् ।

म्याग्दीलाई दुर्गम क्षेत्रको रूपमा बुझ्नु र निजामती सेवामा कम पहुँच हुँदा जिल्ला स्थित कार्यालयमा कर्मचारी अभाव भएको निजामती कर्मचारीहरूको आधिकारीक ट्रेड युनियनका जिल्ला उपाध्यक्ष डिल्लीराम रेग्मीले बताउनुभयो ।

“अन्यत्र भन्दा यहाँ काम गर्ने वातावरण छ तर कर्मचारीहरूमा दुर्गम भएको भ्रम पर्दा म्याग्दीलाई रोज्दैनन्” रेग्मीले भन्नुभयो “यहाँ सरूवा भएर आउन नमान्ने र आएपछि अन्यत्रै काजमा बस्ने अर्को समस्या हो ।”

प्रमुख जिल्ला अधिकारी राजुप्रसाद पौडेलले दरबन्दी अनुसार कर्मचारीको पदपूर्तिका लागि सम्बन्धिक कार्यालय मार्फत माथिल्लो निकाय र लोक सेवा आयोगमा पहल गर्ने बताउनुभयो । नजिकिदो निर्वाचनलाई लक्षित गरेर काज र बिदामा बसेका कर्मचारीलाई सम्बन्धित दरबन्दी भएकै कार्यालयमै फर्काउन पहल भैरहेको प्रजिअ पौडेलले बताउनुभयो ।

जिल्ला प्रशासन कार्यालयको छड्को अनुगमन

यसैबीच जिल्ला प्रशासन कार्यालय म्याग्दीले मंगलबार बेनी स्थित सरकारी कार्यालयमा छड्के अनुगमन गरेको छ । कार्यालयमा कर्मचारीको नियमितता र सेवा प्रवाहलाई सुधार गर्न सचेत बनाउने उद्देश्यले हाँजीरी अनुगमन गरेको प्रशासनले जनाएको छ ।

बिहान १०.१५ बजे सबै जसो सरकारी कार्यालयमा प्रशासनको टोली छड्ने अनुगमनका लागि एकै पटक पुगेको थियो । अनुगमनका क्रममा विभिन्न कार्यालयका ५६ जना कर्मचारी बिना जानकारी कार्यालय उपस्थित नभएको पाइएको प्रमुख जिल्ला अधिकारी राजुप्रसाद पौडेलले जानकारी दिनुभयो ।

यसैगरी छ जना कर्मचारी कार्यालयमा नियमित उपस्थित नभएको र धेरैले पोशाक लगाएको पाइएको उहाँले बताउनुभयो । बिना जानकारी कार्यालयमा उपस्थित नहुने कर्मचारीलाई सचेत बनाउनुका साथै स्पष्टीकरण सोधीएको प्रजिअ पौडेलले बताउनुभयो ।

जिल्ला जनस्वास्थ्य कार्यालयका ११ जना, प्राविधिक कार्यालयका आठ, राहुघाट जलविद्युत आयोजनाका १२, आर्युवेद ३, बनमा ४, कृषि विकासका २, सिचाई विकासका २, नापीका ४, पशु सेवाका ४, सिचाई विकासका २, जिल्ला समन्वय समितिका र कोलेनीका, खानेपानी, हुलाक, महिला तथा बालबालिका कार्यालयका १/१ जना कर्मचारी उनुपस्थित रहेको प्रशासनले जनाएको छ ।

यसैगरि महिला तथा बालबालिका कार्यालय म्याग्दीकी प्रमुख निर्मला शर्मा फागुन महिनामा जम्मा ११ दिन हाजिर भएको तथ्य फेला परेको छ । उहाँको हाजिरकपिमा अधिकांश महिनाको हाजिरमा काज भनेर लेखिएको छ, जिल्ला प्रशासनका एक कर्मचारीले भन्नुभयो । छड्केमा कार्यालयहरूको हाजिर कपि पनि प्रशासनले उठाएर ल्याएको थियो । कुन कार्यालयमा कुन कर्मचारीको कति दिन हाजिर छ भन्ने कुरा प्रशासनले वाहिर ल्याउन चाहेको छैन ।

अनुगमनमा खटिएका सहायक प्रमुख जिल्ला अधिकारी यादवनाथ आचार्यको टोलीलाई प्रजिअ पौडेलले अनुगमन गर्नुभएको थियो । यसैगरी प्रशासन कार्यालयले सरकारी सवारी साधन बिदाको दिनमा नचलाउन र बिना अनुमती जिल्ला बाहिर नलैजान निर्देशन दिएको छ ।

जिल्ला बाहिर जानुपरेमा र बिदाको समयमा चलाउनु परेमा प्रशासनको अनुमती नलिए नियन्त्रणमा लिन प्रहरीलाई निर्देशन दिइएको प्रजिअ पौडेलले बताउनुभयो । स्थानीय तहको निर्वाचनलाई लक्षित गरेर सरकारी कार्यालयका सवारी साधनलाई मर्मत सम्भार गरेर तयारी अवस्थामा राख्न समेत निर्देशन दिएको छ ।

किन भयो ....

आन्दोलन संघर्ष समितिले गत मंगलबार मुनामा गाउँपालिका कार्यालय स्थापना गर्न बेनीबाट गएको निमित्त कार्यकारी अधिकृत सोमबहादुर केसी नेतृत्वको टोलीलाई धारापानीबाटै फिर्ता पठाएर बिहीबारदेखि शनिबारसम्म दरबाङ ताकम मुना सडकमा यातायात बन्द गरायो ।

बहुसंख्यक बासिन्दालाई अनुकुल र प्रशासनीक सुगमताका आधारमा मौवाफाँटलाई केन्द्र बनाउन माग गर्दै आएको रघुगंगा गाउँपालिका नागरिक आन्दोलन संघर्ष समितिले स्थानीय तहको निर्वाचन बहिस्कार देखि दलका नेतालाई गाउँमा प्रवेश गर्न रोक लगाउने चेतावनी दिएको छ । स्थानीय तहको पुनसंरचनाका क्रममा राजनीतिक र प्रशासनीक क्षेत्रबाट स्थानीय स्तरको भावनालाई बुझ्ने र सम्बोधन गर्न ध्यान नदिँइदा गाउँपालिको केन्द्रको विषयमा बिवाद उत्पन्न भएको गुनासो ब्याप्त रहेको छ । जिल्लाका क्रियाशिल राजनीतिक दलहरूको असक्षमताका कारण यतिखेर जनताले केन्द्रको तनाव भोग्नुपरेको छ ।

ताकमका बासिन्दाहरूसंग जिविसमा बिहीबार भएको वार्तामा सहभागी जिल्ला स्तरका नेताहरूले समेत केन्द्र कायम गर्ने विषयमा पर्याप्त गृहकार्य गर्न नसकेको प्रति कमजोरी स्विकार गरेका थिए । “आयोगले अध्ययन गरेर उपयुक्त ठाउँमा केन्द्र कायम गर्ला भन्ने सोचेर गाविस स्तरबाट आएको माग अनुसार दुई ठाउँको नाम पठाएका थियौं” नेकपा एमालेका अध्यक्ष हरिकृष्ण श्रेष्ठले भन्नुभयो “आयोगले हाम्रो अपेक्षा अनुसार काम गरेन्, बिवाद सुल्झाउन राजनीतिक र प्रशासनीक तहबाट भएको पहल समेत सार्थक बन्न सकेन ।”

अन्य दलका नेताहरूको भनाई र बुझाई पनि एमाले म्याग्दीका अध्यक्ष श्रेष्ठको भन्दा फरक छैन् । नेताहरूप्रति एउटै ठाउँमा केन्द्र सिफारिस गर्न नसकेको प्रति उनीहरूकै कार्यकर्ताहरूको चर्को दवाव र आरोप कायमै छ । प्राबिधिक सहयोग समितिका संयोजक तत्कालीन स्थानीय विकास अधिकारी चिरञ्जीवी पौडेलको पूर्वाग्रही ब्यवहार पनि एकै ठाउँमा केन्द्र सिफारिस हुन नसक्नु र अहिले बिवाद आउनु अर्को कारण भएको राजनीतिक नेता देखि राँखु र ताकम बासीको बुझाई छ ।

स्थानीय तहको पुनसंरचनाका क्रममा गाउँपालिकाको केन्द्र टाढा र अपायक परेपछि म्याग्दीको बेग र राम्चेका बासिन्दा दुःखी बनेका छन् । अन्नपूर्ण गाउँपालिकाको ८ नम्बर वडा पर्ने साबिकको राम्चे र रघुगंगाको १ नम्बर वडा बेगका बासिन्दालाई अहिलेको जिल्ला सदरमुकाम बेनी भन्दा नयाँ केन्द्रमा पुग्न धेरै समय लाग्ने भएपछि निराश बनेका हुन् ।

अन्नपूर्णको केन्द्र घारको पोखरेबगर र रघुगंगाको केन्द्र पाखापानी कायम भएको छ । अहिले चार घण्टा पैदल हिडेर जिल्ला सदरमुकाम बेनी आउने राम्चेका बासिन्दालाई गाउँपालिकाको केन्द्र पोखरेबगर पुग्न कम्तीमा ६ घण्टा पैदल हिड्नुपर्छ ।

यातायातको सुबिधा नभएको र भौगोलिक रूपमा बिकट भएकाले राम्चेका बासिन्दालाई गाउँपालिकाको कार्यालयसम्म पुगेर सेवा लिन समस्या पर्ने अगुवा फासबहादुर गर्बुजाले गुनासो गर्नुभयो । २३९ घरधुरीको बसोबास रहेको राम्चेका बासिन्दाले पर्वतको लेकफाँटसंगै रहने गाउँपालिकामा समावेश गर्न माग गरेका थिए ।

राम्चेमा बुधबार आयोजित वडा कार्यालय उद्घाटन कार्यक्रममा सहभागी गाउँका सहभागीहरू भावुक बनेका गाविस सचिव कृष्ण विश्वकर्माले बताउनुभयो । सचिव विश्वकर्माले गाउँपालिका र वडाको काम, कर्तब्य तथा अधिकार सहितको परिपत्र पढेर सुनाउँदा राम्चेबासीले गहभरी आँसु बनाएका थिए ।

राम्चे भन्दा बढी पीडा र दुख परेको छ रघुगंगाको बेगखोलाका बासिन्दालाई । अहिले सवारी साधनबाट दुई घण्टामा बेनी आउने बेगका बासिन्दा पाखापानी पुग्न थप तिन घण्टा गाडीमा यात्रा गर्नुपर्छ । पैदल हिडेर बेगबाट पाखापानी पुग्न पुरै दिन लाग्छ ।

पिप्लेको मौवाफाँटमा केन्द्र हुने आशामा बसेका बेगबासी पाखापानी केन्द्र कायम भएको खबर सुनेपछि अलमल र निराश भएका छन् । बेगदेखि एक घण्टा पैदल हिडेर अन्नपूर्णको केन्द्र पोखरेबगर पुगीन्छ । अवैज्ञानिक मापदण्ड र जिल्लाका नेताहरूको विश्वासघातका कारण बेगबासीले पुस्तौसम्म दुःख पाउने अवस्था आएको स्थानीय नेत्र पुनले बताउनुभयो ।

२५० घरधुरीको बसोबास रहेको बेगमा एक हजार ४०० मतदाता रहेका छन् । केन्द्रको विषयमा पुनविचार गर्न माग गर्दै आएका बेगबासीले निर्वाचन बहिस्कार गर्ने चेतावनी समेत दिएका छन् । रघुगंगा गाउँपालिका नागरिक आन्दोलन संघर्ष समितिले केन्द्रप्रति असन्टुष्ट पिप्ले, भगवती र बेगखोलाका बासिन्दाहरूसंग भेटघाट, छलफल र अन्तरक्रिया गरेका छन् ।

उनिहरूले निर्वाचन पछि चिमखोला र दग्नामको सर्मथन लिएर बहुमतको आधारमा मौवाफाँट केन्द्र बनाउने तथा त्यसो नभए पिप्ले, भगवती र बेगखोलालाई बेनी नगरपालिकामा समावेश गराउन दवाव दिने रणनीति बनाएका छन् । स्थानीय तह थपिने अवस्थामा पिप्ले, भगवती, बेग र राम्चेलाई समेटेर अर्को गाउँपालिका बनाउने विकल्प रोज्ने पनि उनिहरूको निष्कर्ष छ । स्थानीय तहको संख्या थप र सिमाना फेरबदल हुने सम्भावना कम छ । नेपाल पत्रकार महासंघ म्याग्दी शाखाका अध्यक्ष तारानाथ शर्मा पीडामा परेर आफ्नो आवाज सुनाएका जनताको आवाज सुन्नु राज्यको दायीत्व भएको बताउँदै सहज रूपमा सेवा सुबिधा पाउने वातावरण बनाउन पहल गर्नुपर्ने बताउनुहुन्छ ।

“अन्याय भएकाको आवाज बिधी संवत रूपमा उठाउँदा राज्यले सुन्नुपर्छ” शर्माले भन्नुभयो “देशभर अन्य ठाउँमा समेत केन्द्रको बिवाद भएकाले सरकारले छुट्टै आयोग बनाएर समाधान गर्छ भन्नेमा म विश्वस्त छु ।

स्थानीय बासिन्दाले आफ्नो आवाज बिधिसम्वत रूपमा उठाउन छाड्नु हुदैन् ।” उहाँले एकाथरी वास्तवमै अन्यायमा परेर र अर्काथरी आफू केन्द्रमा नरहने तथा अधिकार खोसीने डरले आन्दोलनमा उत्रिएको विश्लेषण गर्नुभयो ।

धौलागिरी गाउँपालिकाको बिवाद समाधानका लागि प्रशासनीक र राजनीतिक तहबाट पहल भएको छ । प्रमुख जिल्ला अधिकारी राजुप्रसाद पौडेल र स्थानीय विकास अधिकारी प्रेमराज गिरीको टोलीले शनिबार ताकम र मुना पुगेर गाउँपालिकाको केन्द्र बिवादले बढेको दुई गाउँबीचको दुरी कम र समझदारी कायम गराउन पहल गर्नुभएको छ । बिहीबार जिल्ला समन्वय समितिको कार्यालयमा भएको वार्तामा ताकमका बासिन्दालाई स्थानीय विकास अधिकारी गिरीले गाउँपालिकाको केन्द्र परिवर्तन गर्ने अधिकारी निर्वाचीत जनप्रतिनिधीलाई मात्र रहेको बताउनुभयो ।

संबिधान र कार्यबिधीले दिएको अधिकार बाहीर रहेर आफूहरूले केही गर्न नसकिने र निमल्ने बताउँदै उहाँले आन्दोलन फिर्ता लिएर जनप्रतिनिधी मार्फत केन्द्र परिवर्तन गर्ने विकल्प रोज्न आग्रह गर्नुभएको थियो । ताकम र मुनाको बिच बढेको दुरी कम गराउन र सद्भाव कायम गर्न राजनीतिक दलको तर्फबाट सहजिकरण भएमा त्यहाँको समस्या समाधान हुने सम्भावना छ ।

निर्वाचीत जनप्रतिनिधिहरूले धौलागिरी गाउँपालिकाको केन्द्रको नाम ताकम मुना राख्ने र कार्यालयहरू समेत दुई तिरनै बाडेर राख्ने विषयमा समझदारी कायम गरी निर्वाचनको वातावरण बनाउने, गाउँपालिकाको कार्यान्वयन गर्ने विषयमा दलका नेताहरू केन्द्रित भएका छन् ।

नागरिक समाज म्याग्दीका संयोजक सुर्दशनकुमार श्रेष्ठले प्राकृतिक न्यायको सिद्धान्त विपरित जनताको आवश्यकता भन्दा पनि कोटा निर्धारण गरेर स्थानीय तह कायम गर्न गरीएकाले यस्तो समस्या आएको बताउँदै जनताले सुबिधाको खोजी गर्नु स्वभाविक भएको र त्यसलाई समाधान गर्न मध्यस्थताको आवश्यकता रहेको बिचार ब्यक्त गर्नुभयो । अर्कोतर्फ गम्भिर र दिर्घकालीन महत्व राख्ने विषयमा निर्णय गर्दा राजनीतिक नेतृत्वले गहन छलफल र सोच बिचार गर्नुपर्ने गाउँपालिकाको केन्द्र बिवादले पाठ सिकाएको छ ।

यात्रु महानुभावहरूलाई खुशीको खबर

पश्चिम म्याग्दी यातायात प्रा.लि.को संयोजनमा २०७३ मंसिर १९ गतेदेखि बेनी-दरबाङमा अत्याधुनिक र सुविधासम्पन्न जीप सेवा सुचारु भएको व्यहोरा जानकारी गराइन्छ ।

थप जानकारीको लागि

पश्चिम म्याग्दी यातायात प्रा.लि.

दरबाङ, म्याग्दी, मोबाइल नं. ९७४१४०५०००

सगुन स्टेशनरी स्टोर्स

विभिन्न पाठ्यपुस्तक, स्टेशनरी सामग्री, खेलकुद एवम् पत्रपत्रिका धार्मिक तथा साँस्कृतिक सामानहरूको थोक तथा फुटकर विक्रेता

क्याम्पस चोक बेनीबजार, म्याग्दी, फोन नं. : ०६९५२००३५, मो. नं ९८४७६२४३४४

प्रवन्ध निर्देशक - शंकर बराईली
मो. ९८५७६२४३३४

प्रो. जीवनकुमार विश्वकर्मा
मो. ९८५७६४००३४

“नारीको चाहना शुद्ध सुनमा मनमोहक गहना”

जीवन सुन चाँदी दुकान

बेनी नगरपालिका-७, न्यूरोड, बेनीबजार
(फोन ०६९-५२०१३४)

विगत लामो समयदेखि ग्राहक महानुभावज्यूहरुको माझमा विश्वासिलो एवम् भरपर्दो सेवा प्रदान गर्दै आइरहेको यस 'जीवन सुनचाँदी दुकान'ले परम्परागत तथा अत्याधुनिक डिजाइनका शुद्ध सुनबाट बनेका तयारी गरगहनाहरु उपलब्ध गराउनुका साथै कम्प्युटर तौलका माध्यमबाट सुनचाँदी खरिद बिक्री समेत गर्दै आएको छ । भरपर्दो सेवाका लागि सदासर्वदा हामीलाई सम्झनुहोला ।

२०७४ सालको क्यालेन्डर बनाउने ?
हामीलाई सम्झनुहोस्
मो.नं. ९८५७६२१५६०

सबै काम एउटै छानामुनी

कलर तथा सादा छपाइ, नाइलन/डिजिटल छाप, स्टेशनरी तथा मसलन्द सामान, कलर तथा सादा कम्प्युटर प्रिन्ट, लेमिनेशन सेवा अर्डर बमोजिम सम्पूर्ण मसलन्द सामानहरु उपलब्ध गराइन्छ ।

प्रो. सुदर्शनकुमार श्रेष्ठ

दीप्ति अफसेट प्रेस एण्ड स्टेशनर्स

गणेशटोल बेनी, म्याग्दी

फोन नं. ०६९-५२०२४०, ५२०४४०, ९८५७६४०४४०, ९८४७६२३९९८

बिजुली नभएको बेलामा जेनेरेटरको पनि व्यवस्था
]

बोली

प्रकाश पौडेल

परिक्षा चलिरहेको समयमा विभिन्न संस्थाको नाममा अनुगमन गर्न भन्दै भित्र जाने कार्यले परिक्षा दिने विद्यार्थीलाई असहज हुने हुँदा त्यस्ता कार्य बन्द गरौ ।

शिवराज ढुङ्गना

प्रधानमन्त्री प्रचण्डले छोरालाई १५ लाखको बन्दुक दिए । केपी ओलीले सहिद परिवारलाइ ५ लाख सहित ल्यापटप दिए । फरक यसैमा छ ।

शेखर चन्द्र केसी

क्रिसमसलाई विदाको सूचीबाट हटाइयो। अव ***** हरू लाई लखेट्नु पर्छ। यो देश हाम्रो हो।

कृष्ण जी

प्रकाश दाहाललाई किन चाहियो हतियार ? हतियार त तिनिहरूलाई चाहिएको छ, जो आफ्नो देशको सीमानाको लागि मर्न तयार हुन्छन ।

चन्द्रमणि सापकोटा

पार्टीगत सिद्धान्तलाइ समय सापेक्ष सुधार गर्न नचाहने वा नसक्ने, पार्टीका कार्यकर्तालाइ राजनैतिक तथा शैक्षिकरुपले सशक्त बनाउन नसक्ने, सधैभरी घाम तापेर गफ गर्ने, कोठे छलफललाइ मूख्य राजनैतिक आधार मान्ने र चुनाव आयो भने पैसाको खोलो बगाएर जित्न खोज्ने कुनै पनि राजनैतिक प्रवृती समाज विकासको वास्तविक अवरोध मात्रै होइनन, महान शत्रू पनि हुन्। त्यसैले आगामी स्थानीय चुनाव देखि यस प्रकारको कुनै पनि प्रवृतीको खुलेरै विरोध गरौं । किनभने राजनीती समाजमुखि सिद्धान्त, निष्ठा र इमान्दारिताको आधारमा मात्रै अगाढी बढ्ने एक निरन्तर प्रकृया हो, जसले जुनसुकै परिस्थितीमा पनि देश तथा समाजको चाहना र आवश्यकताको सहि विश्लेषण र दीगो ब्यवस्थापन कार्यलाइ सर्वपरी ठान्दछ ।

योगकुमार फगामी

नवराज जी र अन्य राजनीति पार्टीका सभासदज्युहरू र पार्टीका अध्यक्ष र कार्य कर्ता ज्युहरू ले गल्ति त गर्नु भो नि ? बेगखोले ले तपाई लाइ जिताउन सहयोग गरेका हुन । अनि तपाई आफै सोच्नुस माननीय ज्यु बेग र तिप्ल्याङवासीलाई बेनी सुबिधा हुन्छ कि पाखापानी ? यस्तो अपराध माननिय नवराज सुवेदी, पूर्व राज्यमन्त्री नरदेवी पुन, माननीय रेशम बानियाँ, एमाले अध्यक्ष हरिकृष्ण श्रेष्ठ, काग्रेस सभापति खमबिर गर्बुजा, एमाले उपाध्यक्ष देवेन्द्र केसी , एमाले सचिब कृष्ण सुबेदी, बेगखोलेको झोला बोकाई राजनीतिकर्मी ज्युहरू कालान्तरसम्म आफ्नो सन्ततीलाइ धोका दिने काम भो यहाँहरू सबै लाइ धन्यबाद । फेसबुकमा अरूलाई दोस दिएर तपाईहरू सफाई हुने कार्य नगर्नुस र यो जनताले चिनिसकेको अवस्था छ ।

केवी भण्डारी

दग्नामले मौवाफांट केन्द्र बनाउन मानेन् भन्नु राजनीतिक अभिष्ट पुरा गर्ने र आगोमा घिउ थप्ने काम भएन र ? जहाँ समस्या छ , त्यसको समाधान खोज्ने पो राजनीतिकज्ञ । त्यसैले सबैले आत्मआलोचना गरौ । समस्याको स्थाइ समाधान खोज्ने अठोट गरौ । सदिऔं देखि मिलेर बसेका सुन्दर समाजलाई अझ सून्दर र सम्वृद्धि बनाउने दृढ संकल्प गरौ ।

अर्जुन थापा

बाजी ठोकौ यो सत्य हो किनकी म्याग्दी नेताहरूले गाउँपालिका कुरो नमिलाउने सबै स्थानीय विकास अधिकारीको टाउकोमा हालीदिय पछि नेताहरूलाई आरोप लगाउनु सामान्य हो किन रूनु नेता भयपछि जस र अपजस लिन सकिन्न !

शिव आचार्य

अव गाउँपालिका केन्द्रको विवादलाई छाडी गाउँपालिकालाई कसरी समृद्ध र सम्पन्न बनाउन सकिन्छ भनेर बहशको सृजना गरौं । संकुचित सोचाईलाई त्यागी फराकिलो सोचाई राखौं । अहिलेको अविकसित भूगोललाई हेरेर केन्5को वारेमा विवाद नगरौं । भोलीको विकसित गाउँपालिकाको सपना देखौं । त्यसका लागि योग्य र क्षमतावान नेतृत्वको खोजी अहिलैबाट गरौं । भोली गाउँपालिकामा धेरै भौतिक पूर्वाधारहरू बन्दै छन् तिनलाई सबै वडाहरूको पहुँच पुग्ने गरि विभाजन गरौं । समग्र गाउँपालिकालाई साधन स्रोत सम्पन्न बनाउँदै विकास गर्न सकेमा कुनै स्थान पनि दुर्गम र अपायक भन्ने हुँदैन ।

STUDY & WORK IN **JAPAN**

Admission Open ....

Our Services:-

- Basic, Intermediate & advance language with audio & video classes.
- NAT-TEST, JLPT, Top-j, IELTS, TOFEL & EPS-TOPIK Preparation Classes.
- Free Processing.
- Part time job Supported by School.
- Above +2, Bachelor & Masters students can apply.
- High visa Sucess rate
- City on your choice

TOKYO, CHIBA, NAGOYA, OSAKA, SENDAI, HOKKALDO, FUKUOKA & Many more.

INTAKE: April/July/October/January

Your bridge for aboard study in **Japan**
for more detail visit us............

S. Raj Language Institute (P) Ltd.
Sangam Chock-Beni
Contact: ☎ 069-521185, 9846779548

LIVE LEARN EARN

निर्णय हजुरको सल्लाह हाम्रो, उचित परामर्शको लागि सम्पर्क गर्नुहोला ।

प्रो. नारायणप्रसाद सेन्चुरी मो.नं. : ९८५७६४०२१४

बागलुङ देवी सुन चाँदी गहना पसल

बैंकरोडदेखि दुरसञ्चारचोक, बेनीबजार, म्याग्दी
फोन : ०६९-५२००५६

हाम्रा सेवाहरू

यहाँ अर्डर अनुसार डिजाइनका सुन चाँदीका गरगहनाहरु पाउनुका साथै सुन चाँदी खरिद बिक्री गरिन्छ।

साथै राशि अनुसारको पत्थर पनि पाइन्छ ।

सुन्दर नगरी बेनीबजारमा हजुरहरुको चाहनालाई मध्यनजर गर्दै
नयाँ व्यवस्थापनका साथ हामी तपाइँहरुको साथमा

लामा भान्छाघर एण्ड रेष्टुरेन्ट

कोटभण्डारचोक, बेनीबजार, म्याग्दी

हाम्रा सेवाहरू

- खाना/फापरको ढिडो - नेवारी खाजा - चटामरी
- बारा - पिज्ज - नान - अन्य परिकारहरु

फ्रि वाइफाई, फ्रि होम डेलिभरी, पार्किङ सुविधा

प्रो राजन लामा, फोन : ०६९-५२१२००, मो.नं.: ९८४७६३३८९४

प्रो. रिम कटुवाल क्षेत्री/हरि भण्डारी

रारा अटोमोबाईल्स

पर्वत बेनी, पक्की पुल नजिकै, हाइवे रोड
(फोन : ०६९-५२०९९, मोवाइल ९८५७६२१८६३, ९८०६१३०४९०)

हाम्रा सेवाहरू

विगत लामो समयदेखि कालीपुलबाट सेवा प्रवाह गर्दै आएको रारा अटोमोबाईल्स अब पक्की मोटरेवलपुलको नजिकै पर्वत बेनीको आफ्नै भवनबाट सेवा प्रवाह गरेको जानकारी गराउँदछौ । नयाँ मोडेलका महेन्द्र एण्ड महेन्द्र कम्पनिका सवै गाडी र ट्याक्टरहरुको अधिकृत विक्रेता । गाडी मर्मत गर्नुपरेमा साथै सर्भिसिङ गर्नुपरेमा हामीलाई सम्झनुहोस । टिभिएस ब्राण्डका बाइक र स्कुटीहरु बिक्री तथा मर्मत पनि गरिन्छ ।

प्रो. मुकुन्द शर्मा प्रो. अमृतप्रसाद शर्मा
९८४७६४२९५६ ९८४७६५२०९०

विशाल हार्डवयर्स एण्ड जनरल सप्लायर्स

शिक्षामार्ग, बेनीबजार, म्याग्दी
फोन : ०६९-५२०८९७

हाम्रा सेवाहरू

छड, सिमेन्ट, जस्तापाता, प्लाइ, सनमाइका, रङ रोगन, काँटी, कब्जा लगायत घर निर्माण सम्बन्धी सम्पूर्ण सामानहरु सुपथ मूल्यमा बिक्री गरिन्छ। साथै नेपाटपको पाइप र ग्यारेन्टीवाला पानी टंकी पनि पाइन्छ।

म्याग्दी जिल्लास्थित सहकारी संघ/संस्थाहरूलाई डिभिजन सहकारी कार्यालय बागलुङको अत्यन्त जरूरी सूचना

यस कार्यालयको आयोजनामा निम्न स्थान र मितिमा डिभिजन सहकारी कार्यालय नभएका जिल्लाहरुमा कार्यालयका सेवाहरुलाई स्थानीय स्तरमा नै प्रदान गर्ने उद्देश्यले सहकारी शिविर तथा घुम्ती सेवा कार्यक्रम राखिने भएकोले सो समयमा सहकारी संघ/ संस्थाको दर्ता, विनियम संशोधन, लेखापरीक्षण स्वीकृति, एकीकरण, विभाजन लगायतका आफूलाई आवश्यक पर्ने सम्पूर्ण कार्यको सेवा लिनु भई शिविरको सदुपयोग गर्नुहुनका साथै विनियम संशोधनको लागि आउँदा आफ्नो सक्कल विनियम साथमा लिई आउनु हुन समेत म्याग्दी जिल्लास्थित सम्पूर्ण सहकारी संघ/ संस्थाहरुलाई हार्दिक अनुरोध गरिन्छ ।

सहकारी शिविर तथा घुम्ती सेवा कार्यक्रम हुने :

स्थान : बेनी न.पा. गणेशटोलस्थित जिल्ला सहकारी संघ लि. म्याग्दीको कार्यालय भवन ।

मिति: २०७३/१२/०३ देखि २०७३/१२/१० सम्म

प्रो. बुद्धि महत प्रबन्ध निर्देशक : प्रमिला जिसी महत
(मो.नं. ९८४९८३३२३८) (मो.नं. ९८४७७८११७१)

महत न्यू फेन्सी पसल

न्यूरोड, बेनीबजार, म्याग्दी

हाम्रा सेवाहरू

हामीकहाँ कोरियन, हङकङ, सिंगापुर, थाइल्याण्ड तथा स्वदेशी फेन्सी सामानहरु होलसेल तथा खुद्रा पाइनुका साथै क्याम्पस, बोर्डिङका ड्रेसहरु, खेलकुदका सामग्रीहरु सुपथ मूल्यमा पाइन्छ ।

Our Services
Iphone Unlock, Jailbreak & repairing,
Nokia, Samsung, LG, Sony, Blackberry,
HTC, Flash, Unlock & Repair

प्रो. नरेश श्रेष्ठ

नरेश मोबाइल सेन्टर

हुलाकचोक, बेनीबजार, म्याग्दी
मोबाइल नं. ९८५७६२८०११, ९८४७६१९०११

प्रो. पल्टन शाह

गुप्ता फ्रेस हाउस

क्याम्पसचोक बेनी बजार, म्याग्दी



फोन-०६९-५२०६४४
मो.नं. ९८५७६२२२३७

हामीकहाँ कुखुरा एवम् खसीको ताजा मासु पाइनुका साथै होम डेलिभरीको पनि सुविधा छ ।

प्रो. सुरेन्द्रराज शर्मा मो.नं. ९८५७६२२०७७, ९८५७६२४५७७

संगम ट्रेडर्स & संगम हार्डवयर

कालीपुल (वेष्ट प्वाइन्ट कलेजको नजिक) बेनी, म्याग्दी
फोन : ०६९-५२१११७, फ्याक्स : ०६९-५२०९२८

हाम्रा सेवाहरू

हामीकहाँ निर्माण सम्बन्धी सम्पूर्ण सामग्रीहरु (छड, सिमेन्ट, कर्कटपाता, पाइप, पाइप फिटिङका सामान, रंगरोगन) थोक तथा फुटकर थोक मूल्यमा पाइन्छ।

ब्रिज सिमेन्ट र पञ्चकन्याबाट उत्पादित सम्पूर्ण सामानका साथै नेरोल्याक पेन्टस्को अधिकृत बिक्रेता

हाम्रो सेवा दरबाङ बजारबाट पनि- फोन : ०६९-६८००७७

नवविकल्प साप्ताहिक, प्रकाशक/सम्पादकः ठाकुरप्रसाद आचार्य, प्रधान सम्पादक : देवीप्रसाद शर्मा, कार्यकारी सम्पादक : सन्तोष गौतम, कम्प्युटर सेटिङ्ग : प्रमोद शर्मा (९८५७६२१५६०)
कार्यालयः शान्तिटोल, बेनीबजार, म्याग्दी मुद्रणः दीप्ति अफसेट प्रेस, बेनीबजार Email :- bikalpanews@gmail.com, Phone 069-520995, 9847624286